**बैठक नं.१८**

आज मिति २०८१/०१/२० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

पवित्रा देवी श्रेष्ठ- का.वा. वडाध्यक्ष-३
सिता खनाल - का.वा. वडाध्यक्ष-८
युवराज राना - का.वा. वडाध्यक्ष-११

**प्रस्ताव नं.१८.१**

मिति २०८१।१।११ मा बसेको १७ औं बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. १८.१**

- नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणका लागि आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- लुम्बिनी बस टर्मिनलको संचालन तथा व्यवस्थापनका लागि आय ठेक्का बन्दोबस्ती प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- हाट बजारहरुको संचालन तथा व्यवस्थापनका लागि आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- वडा नं.१५ स्थित साविक सेमलार गा.वि.स.वडा नं.१ ङ कि.न.१८८ फिल्डमा पर्ति जनिएको ज.वि.८-१३-११ (आठ विगाह तेह्र कठ्ठा एघार धुर) जग्गा नेपाल सरकारको नाममा कायम हुनका लागि सिफारिस गरी पठाइएको ।
- समपुरक अनुदान अर्न्तगतको योजना छनौट गरी लुम्बिनी प्रदेश सरकार अर्थ मन्त्रालय राप्ती उपत्यका (देउखुरी) दाङमा सिफारिस गरी पठाइएको ।
- वडा नं.१४-१९ भित्रका सडकहरुमा परेका खाल्टा खुल्टीहरुको मरमत प्रयोजनका लागि विवरण सहितको प्रतिवेदन १० दश दिन भित्र दिनका लागि वडा नं.१५ का वडाध्यक्ष एवं नगर प्रवक्ता श्री शिव रानाको संयोजकत्वमा कार्यदल गठन गरिएको ।
- कार्यालय परिसर भित्रको उपयुक्त स्थानमा कर्णेल उजिरसिंह थापाको शालिक राख्नका लागि अध्ययन गरी ७ सात दिन भित्र प्रतिवेदन दिनका लागि उपप्रमुख श्री सावित्रादेवी अर्यालको संयोजकत्वमा कार्यदल गठन गरिएको ।
- गौशालामा रहेका चौपायाहरुको उपचार प्रयोजनका लागि आवश्यक बजेटको विनियोजन गरिएको ।
- कार्यपालिकाका सदस्यहरु र नगरस्तरीय राजनैतिक दलहरुका प्रतिनिधिहरुको संयुक्त टोली अध्ययन एवं अवलोकन भ्रमणमा जानका लागि आवश्यक बजेटको व्यवस्था सहित निर्णय लिइएको ।
- भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ मा संशोधन (प्रथम संशोधन २०८१) गरिएको र स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।

**प्रस्ताव नं. १८.२**

लुम्बिनी बस टर्मिनलको संचालन तथा व्यवस्थापनका लागि आय ठेक्का बन्दोबस्ती गर्ने सम्बन्धमा ।

**निर्णय नं.१८.२**

बुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्विनी बस टर्मिनलको संचालन तथा व्यवस्थापनको सम्वन्धमा आय ठेक्का वन्दोवस्तीको म्याद यहि मिति २०८१ आषाढ मसान्तमा समाप्त हुने हुँदा आगामी २ आ.व. (२०८१/२०८२ र २०८२/२०८३) का लागि आय ठेक्का वन्दोवस्ती गर्नुपर्ने भएकोले (बस टर्मिनलमा रहेको राजश्व अनुसन्धान कार्यालय रहेको टर्मिनल भवन, सो भवनको दक्षिण पश्चिम तर्फ पार्किङका लागि छुट्टयाईएको साढे दुई कट्ठा खाली जग्गा, शपिङ्ग कम्प्लेक्समा रहेका सटरहरु, मन्दिर, हाईमास्ट लाईटको विद्युत महसुल र विज्ञापन कर संकलन गर्ने र आधुनिक पशु वधशालाको मासु विक्री गर्नका लागि राखिने मासु पसलको टकीं वाहेक) वस टर्मिनलको सेवा प्रयोग गरे वापत सवारी साधनवाट लिईने सेवा शुल्क र तोकिएका पसलहरुको दैनिक वहाल रकम असुली गर्ने, सार्वजनिक शौचालय संचालन, मर्मत सम्भार, तथा व्यवस्थापन गर्ने, टर्मिनल परिसर र शपिङ्ग कम्प्लेक्सको सरसफाई गर्ने तथा बस टर्मिनल परिसर र शौचालय सहितको विद्युत, पानी, मर्मत र महसुल संचालक स्वयमंले ब्यहोर्ने गरी समग्र प्याकेजको कार्य निजी क्षेत्र मार्फत संचालन तथा ब्यवस्थापनको आय ठेक्का वन्दोवस्तीका लागि आय ठेक्काको न्यूनतम ठेक्का रकम भ्याट वाहेक रु.२,५६,००,०००।०० (अक्षेरुपी दुई करोड छपन्न लाख रुपैया मात्र) निर्धारण गरी आय ठेक्का वन्दोवस्ती प्रकिया अगाढी वढाउनका लागि मिति २०८१।१।२० मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.३**

लिजमा जग्गा प्राप्तीका लागि प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

**निर्णय नं.१८.३**

बुटवल उपमहानगरपालिकाको मुख्य एवं भित्री सडकहरुमा यत्रतत्र हिडडुल गर्ने छाडा पशुचौपायाहरुका कारण सवारी दुर्घटनाहरु बढिरहेको, गाँउ तर्फ लगाएको अन्नबाली खाई किसानहरुनै बिस्थापित हुने अवस्था भएका कारण गत बिगत देखि नै अस्थायी रुपमा बुटवल उपमहानगरपालिका बडा नं.७ शिवनगर स्थित सामुदायिक वनमा छाडा पशुचौपायाहरु राखिदै आएकोमा हाल अत्यधिक गर्मी रहेको तथा वर्षायाम पनि नजिकै आएको कारण छाडा पशुचौपायाहरुलाई घामपानीबाट बचाउन तत्काल अस्थायी संरचना (साढेहरुको लागि १ वटा सेड, गाईहरुको लागि १ वटा सेड, गोदाम घर र आगन्तुक कक्ष, मंच तथा पैदल मार्ग) निर्माणको लागि स्थानीय जग्गा सिफारिस समितिमा लेखि पठाउने र सोही स्थानको पूर्व : वन, पश्चिम : वन, उत्तर : वन र दक्षिण : खोला यति चारकिल्ला भित्रको ज.वि. ४-

१२-० (चार बिघा बाह्र कठ्ठा) जग्गा गौशाला निर्माण प्रयोजनको लागि लिजमा जग्गा प्राप्तिको प्रकिया अगाडि बढाउन समेत सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.४ विविध ।**

**प्रस्ताव नं.१८.४.१**

म्याद थप सम्बन्धमा ।

**निर्णय नं.१८.४.१**

बुटवल उपमहानगरपालिका वडा नं. ६, स्थित पुरानो बसपार्क पछाडि रहेका १४ वटा बहाल प्रयोजनका सटर/कोठाको नगरकार्यपालिकाको निर्णय बमोजिम थप भएको म्याद मिति २०८० चैत्र मसान्तमा समाप्त भएको हुंदा मिति २०८१।१।२० मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भए बमोजिम मिति २०८१ असार मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.४.२**
सटर कोठा उपलब्ध गराउने सम्बन्धमा ।
**निर्णय नं.१८.४.२**
बुटवल वडा नं. ५ हाटबजार स्थित शपिङ्ग कम्प्लेक्सको दोस्रो तल्लामा रहेको एकमात्र कोठा बहालमा नलागी हाल सम्म प्रयोग विहिन अवस्थामा रहेको छ । सटर व्यवसायी संघ बुटवलले उक्त कोठा न्युनतम् मासिक बहाल कायम गरी प्रयोग गर्न उपलब्धताका लागि अनुरोध गरेको हुंदा मासिक बहाल रु. ३०००।– कायम गरी अन्य बहालवालालाई सरह शर्त तथा प्रावधानहरु लागु हुने गरी ५ बर्षका लागि बहाल सम्झौता गर्नका लागि मिति २०८१।१।२० मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा उल्लेख भई आए बमोजिम हुने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।
**प्रस्ताव नं.१८.४.३**
शीर्षकान्तर एवं रकमान्तर सम्बन्धमा ।
**निर्णय नं.१८.४.३**
चालु आ.व. ०८०/०८१ को लागि स्वीकृत विनियोजन ऐन, २०८० को सि.न.२०१ उपशीर्षक २२५२९ मा तिलोत्तमा गोल्डकप प्रतियोगिता संचालनका लागि रु.१० लाख बजेट विनियोजन भएको भए तापनि उक्त तिलोत्तमा गोल्डकप संचालन गर्न फिल्ड नै मरमत गर्नुपर्ने भएको हुँदा उल्लेखित शीर्षकमा विनियोजित रु.१० लाख बजेटलाई तिलोत्तमा फिल्ड मरमत रु. १० लाख भनी शीर्षकान्तर एवं रकमान्तर गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.४.४**

डिपिआर तयारीका लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा ।

**निर्णय नं.१८.४.४**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. ०८०/०८१ का लागि सम्मानित नगरसभाबाट स्वीकृत विनियोजन ऐन, २०८० को बजेट खर्च सि.न.५१ र ५२ खर्च शीर्षक नं २२४११ मा क्रमशः रु १४२०८०००।- र रु. ५७९१०००।- गरी जम्मा रु.१९९९९०००।- (एक करोड उनान्सय लाख उनान्सय हजार रुपैंया) बजेट विनियोजन भएको । शिक्षा क्षेत्रको रुपमा स्थापित यस नगर भित्रका कतिपय विद्यालयहरुमा पठन पाठनको लागि प्रर्याप्त कक्षा कोठा एवं भवन नहुदा वषौ हजारौको संख्यामा विधार्थीहरु भर्ना हुनबाट वन्चित हुनु परेको, सहयोगका लागि सम्बन्धित निकायहरुमा जादा प्रारम्भ मै DPR खोजी हुने अन्यथा लगानी नगर्ने जस्ता विविध कारणहरुले गर्दा नगरका विभिन्न महत्वपूर्ण आयोजनाहरुलाई कार्यान्वयनमा लैजानका लागि DPR प्रकिया अगाडि बढाउने भनी मिति २०८०।१०।१८ मा बसेको नगरकार्यपालिकाको नवौ बैठकबाट निर्णय भए बमोजिमका र केही अन्य आवश्यक देहायका योजनाहरुका लागि प्राविधिकबाट लागत अनुमान पेश भएको हुँदा उल्लेखित शीर्षकबाट खर्च जनिने गरी देहाय बमोजिमका आयोजनाहरुको लागि देहाय बमोजिम बजेट व्यवस्था गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| डिपिआर तयारीका लागि | | |
|---|---|---|
| **बजेट खर्च सि.नं.५१ र ५२ खर्च शीर्षक नं.२२४११ बो क्रमशः १४२०८०००/- र ५७९१०००/- गरी जम्मा रु.१९९९९०००/- एक करोड उनान्सय लाख उनान्सय हजार मात्र** | | |
| **सि.नं.** | **विद्यालयको नाम** | **रकम रु.** |
| १ | श्री प्रगति आधारभुत विद्यालय, बुटवल-११<br>श्री सुर्योदय आधारभूत विद्यालय, बुटवल-११<br>श्री नविन औद्योगिक माध्यमिक विद्यालय, बुटवल-११ | ९९१७१९.३६ |
| २ | श्री बुटवल माध्यमिक विद्यालय, बुटवल-१<br>श्री नहरपुर माध्यमिक विद्यालय, बुटवल-११ | १४१२६५४.६७ |
| ३ | श्री सिद्धेश्वर लालकुमारी मा.वि., बुटवल-७<br>श्री कालिका मानवज्ञान माध्यमिक विद्यालय, बुटवल-१०<br>श्री जनता मा.वि., बुटवल-८ | १९०८०९१.३८ |
| ४ | श्री नवरत्न माध्यमिक विद्यालय (अङ्ग्रेजी), बुटवल-१२<br>श्री नयाँगाउ माध्यमिक विद्यालय, बुटवल-१२ | १८०८७९१.६३ |

| | | |
|---|---|---|
| | श्री जितेश्वरी माध्यमिक विद्यालय, बुटवल-१३ | |
| ५ | श्री भिम प्रसाद गोमाता न्यौपाने आधारभूत विद्यालय, बुटवल-१७<br>श्री भवानी माध्यमिक विद्यालय, बुटवल-१८ दुबौली<br>श्री अमर माध्यमिक विद्यालय, बुटवल-१९ | १७०६९५३.८६ |
| ६ | श्री तिनाउ आरती केन्द्र, बुटवल-१, जितगढी | १९४५८५७.६९ |
| ७ | एकल महिला समूह , बुटवल-१२ | ३३६५६६.१७ |
| ८ | तामनगर कभर्डहल, बुटवल-१२ | ७१४५८९.१५ |
| ९ | नगरका रणनैतिक सडकहरुको डिपिआर | १९८६८८५.३० |
| १० | १५ वेडको अस्पताल, बुटवल-११ | २००००००.०० |
| ११ | आम्दा अस्पतालमा १०० वेडको अस्पताल सहित प्यारामेडिकल कक्षा सञ्चालनको लागि पूर्वाधार, बुटवल-७ | ३००००००.०० |
| १२ | बेलभरिया आधारभुत विद्यालय बुटवल-१४ | |
| | **कूल जम्मा रकम रु.** | १९७५१८३७.३५ |

**प्रस्ताव नं.१८.४.५**

गौशाला व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं.१८.४.५**

बुटवल उपमहानगरपालिका वडा नं. ७ स्थित शिवनगरमा नगरका मुख्य एवं भित्री सडकहरुमा हिडडुल गरेका छाडाचौपायाहरुलाई लगि गौशालाको रुपमा व्यवस्थापन गरिदै आएको छ । पूर्व निर्णय बमोजिम २०८०।१२।९ गते देखि अभियानको रुपमा छाडाचौपायाहरुलाई व्यवस्थापन गर्ने कार्य अत्यन्त प्रभावकारी भएको र दैनिक मानिसहरु गौशालामा दाना, पराल, चापट, नुन र भेली जस्ता सामग्रीहरु लिएर जाने क्रम बढ्दो देखिएको हुँदा मिति २०८०।१२।२० मा बसेको नगरकार्यपालिकाको १६ औं बैठकको निर्णय नं.१६.७ बाट वडा कार्यालयहरु मार्फत गौशालामा घास, पराल, खाना र दानाको प्रबन्ध मिलाउने गरी कार्यतालिका स्वीकृत गरी कार्यान्वयन भईरहेको हुँदा उक्त कार्यतालिकालाई परिमार्जन गरी देहाय बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- मिति २०८१।२।१ गते विहान वडा नं. ८
- मिति २०८१।२।४ गते विहान वडा नं. ९
- मिति २०८१।२।८ गते विहान वडा नं. १०

- मिति २०८१।२।१२ गते विहान वडा नं. ११
- मिति २०८१।२।१६ गते विहान वडा नं. १२
- मिति २०८१।२।२० गते विहान वडा नं. १३
- मिति २०८१।२।२४ गते विहान वडा नं. १४, १५ र १६
- मिति २०८१।२।२८ गते विहान वडा नं. १७, १८ र १९
- मिति २०८१।३।१ गते विहान वडा नं. १
- मिति २०८१।३।४ गते विहान वडा नं. २
- मिति २०८१।३।८ गते विहान वडा नं. ३
- मिति २०८१।३।१२ गते विहान वडा नं.४
- मिति २०८१।३।१६ गते विहान वडा नं. ५
- मिति २०८१।३।२० गते विहान वडा नं.६
- मिति २०८१।३।२४ गते विहान वडा नं.७

**प्रस्ताव नं.१८.४.६**

टोल विकास संस्थाको निर्देशिका संशोधन र सोसंग सम्बन्धित निर्णयहरु समबन्धमा ।

**निर्णय नं.१८.४.६**

(क) टोल विकास संस्थामा समावेशीकरण र युवाहरुको समेत सहभागितालाई सुनिश्चित गर्न टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७४ मा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७४ (पाँचौ संशोधन) २०८१

| भाग, दफा, अनुसूची | साविकको व्यवस्था | संशोधनका लागि पेश गरिएको प्रस्ताव | संशोधन प्रस्ताव पेश गर्नुका कारण |
|---|---|---|---|
| अनुसूची १ को परिच्छेद ३ को दफा७बुँदा नं. ८ | टोल विकास संस्थाका कार्यसमितिका पदाधिकारी समावेशी गराउन कम्तीमा ३३% महिला अनिवार्य हुनु पर्नेछ । | टोल विकास संस्थाका कार्य समितिका पदाधिकारी समावेशी गराउन कम्तीमा ३३ प्रतिशत महिला र ३० प्रतिशत १६ वर्षदेखि ४० वर्षसम्मका युवाको सहभागिता अनिवार्य हुनु पर्नेछ । | टोल विकास संस्थामा युवाहरुलाई सहभागी गराई नगरको विकासमा युवाहरुको योगदानलाई अझ प्रोत्साहन गर्नुपर्ने भएकोले |

(ख) बुटवल उपमहानगरपालिकाको वडा नं. ११ मा रहेको १६/३६ कुलो, पश्चिममा देवीपथ, उत्तरमा नविन टोल र दक्षिणमा शान्ति टोल विकास संस्था रहेको रामपथ टोल विकास संस्थामा जम्मा ५१ घरधुरी रहे तापनि उक्त टोल नजिकका अन्य टोल विकास संस्थासँग गाभिन नसकेको र टोल विकास संस्था दर्ताको लागि निवेदन माग भएकोले सो विषयमा स्थलगत अध्ययन गरी टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७४ (चौथो संशोधन २०८०)मा भएको व्यवस्था बमोजिम १ महिना भित्रमा सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक :- श्री शिव राना, वडाध्यक्ष, वडा नं. १५ एवं प्रवक्ता

सदस्य :- श्री रामचन्द्र क्षेत्री, वडाध्यक्ष, वडा नं. ११

सदस्य :- श्री दधिराम न्यौपाने, वडाध्यक्ष, वडा नं. १४

सचिव :- श्री दामोदर ज्ञवाली, उपनिर्देशक, नगरकार्यपालिकाको कार्यालय ।

(ग) मोतीगञ्ज टोल विकास संस्थाले भेलाको निर्णय सहमति सहित देहाय बमोजिमको जग्गा टोल विकास संस्थाको नाममा खरिदका लागि वडा कार्यालय वडा नं. १४ को सिफारिस सहित स्वीकृति माग गरेको हुँदा सो विषयमा स्थलगत अध्ययन गरी टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७४ (चौथो संशोधन २०८०) को अनुसूची १ को दफा ३ को उपदफा (३) बमोजिम सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्ने र १ महिना भित्रमा प्रतिवेदन लिने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | टोल विकासको नाम | विक्री गर्ने जग्गा धनीको नाम कित्ता नं. र कुल जग्गा | टोलले खरिद गर्ने जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|
| १ | १४ | मोतिगञ्ज टोल विकास संस्था | हुमनाथ गौडेल ०-५-१९-० (२०२३.२९ वर्ग मिटर) | उक्त जग्गा मध्ये पश्चिम तर्फ बाटहाल रहेको कुलायन मन्दिरसँग साद्ने गरी जम्मा ०-०-९ |

संयोजक :- श्री शिव राना, वडाध्यक्ष, वडा नं. १५ एवं प्रवक्ता

सदस्य :- श्री रामचन्द्र क्षेत्री, वडाध्यक्ष, वडा नं. ११

सदस्य :- श्री दधिराम न्यौपाने, वडाध्यक्ष, वडा नं. १४

सचिव :- श्री दामोदर ज्ञवाली, उपनिर्देशक, नगरकार्यपालिकाको कार्यालय ।

**प्रस्ताव नं.१८.४.७**

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।

**निर्णय नं.१८.४.७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) तथा बुटवल उपमहानगरपालिकाद्वारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ संग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नया इजाजतपत्रका लागि सिफारिस भई पेश भए बमोजिम देहाय बमोजिमको निर्माण फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १ | बस्याल निर्माण सेवा | बुटवल उ.म.न.पा - ११ |

**प्रस्ताव नं.१८.४.८**

जितगढी उत्सव दिवसको कार्यक्रमको सम्बन्धमा ।

**निर्णय नं.१८.४.८**

२०८१ बैशाख ७ गतेको दिन बुटवल उपमहानगरपालिकाको मुख्य प्रशासनिक भवनको कम्पाउण्डमा भेला भई झाँकी र्‍याली सहित जितगढी उत्सव मनाउनका लागि जितगढी किल्लामा पुगि मन्चको कार्यक्रम सम्पन्न गरिएको । उक्त कार्यक्रममा सहभागी झाँकीहरुलाई सहभागी भए वापत कार्यक्रम तयारी प्रयोजनका लागि रु. ५ हजार दिने पूर्व निर्णय भए तापनि उक्त कार्यक्रममा उल्लेखनीय सहभागिता भएको र कार्यक्रम अत्यन्त प्रभावकारी भएको हुँदा अभिलेख बमोजिमका सहभागी ५१ वटा झाँकीहरुलाई तयारी खर्च वापत रु. ५ हजारका दरले हुने रकम सम्बन्धित शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.१८.४.९**

बजेट व्यवस्था सहित योजना कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं.१८.४.९**

बुटवल उपमहानगरपालिकाको देहायको वडा अर्न्तगतका देहायका आयोजनाहरु कार्यान्वयन गर्न आवश्यक भएको हुँदा (स्वमूल्यांकन समेतमा सहयोग पुग्ने) सम्बन्धित शीर्षकबाट बजेट व्यवस्था गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| क.स. | योजना नाम | ठेगाना | बजेट व्यवस्था हुनुपर्ने | शीर्षक |
|---|---|---|---|---|
| १. | नेपालगंज रोड देखि सब्जी मण्डी रोड हुदै दाउरे टोल जाने बाटो | वडा नं.५ र ६ | रु.१५१२८३०१० | मरमत संभार |
| २. | पाञ्चायन टोल विकास संस्था अर्न्तगत मकरध्वज सिमाङ्गौडाको घर चोक देखि लुम्बिनी नर्सिङ चोकसम्म र कालिका टोल विकास संस्थाको सब्जीमण्डीको उत्तर तर्फको सडक मरमत | वडा नं. ६ | रु. ९ लाख | मरमत संभार |
| ३ | निर्मल श्रेष्ठको घर देखि तुल्सी घिमिरेको घरसम्म बाटो पि.सि.सि. | वडा नं. ३ | रु. ३ लाख | मरमत संभार |
| | | | | |

**प्रस्ताव नं. १८.४.१०**

कार्यक्रम सहयोग सम्बन्धमा ।

**निर्णय नं. १८.४.१०**

विभिन्न संघसंस्था एवं व्यक्तिहरुबाट सहयोगका लागि माग भई आएका मागपत्रहरु आजको बैठकमा पेश भई छलफल गरियो । पेश भएका मध्ये देहायका संघसंस्था एवं व्यक्तिहरुलाई देहायको प्रयोजनका लागि देहाय बमोजिमको कार्यक्रम सहयोग एवं सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क्र. स. | संघसंस्था एवं व्यक्ति | प्रयोजन | रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | मदन भण्डारी स्पोर्टस एकेडेमी, काठमाडौं | दोस्रो मदन भण्डारी कप राष्ट्रिय खुल्ला हाफ म्याराथुन | रु. ५ लाख | नगरप्रमुख सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| | | तथा छात्रछात्रा दौड प्रतियोगिताका लागि कार्यक्रम सहयोगका लागि | | सहायता |
| २. | कियाशिल पत्रकार महिला रुपन्देही | महिला पत्रकारहरुको क्षमता विकास तथा लेखनवृति | रु. ३ लाख | नगरप्रमुख सामाजिक सहायता |
| ३. | खबर लुम्बिनी मल्टिमिडिया | उपकरण खरिद | रु. ३ लाख | नगरप्रमुख सामाजिक सहायता |
| ४. | सेमलार कबर्डहल बुटवल-१५ | मरमत | रु.२ लाख ५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| ५. | लुम्बिनी टेलिभिजन | उपकरण खरिदका लागि थप अनुदान | रु. २ लाख | नगरप्रमुख सामाजिक सहायता |
| ६. | रेडियो मुक्ति बुट्वल | उपकरण खरिद | रु. २ लाख | नगरप्रमुख सामाजिक सहायता |
| ७. | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान लुम्बिनी प्रदेश | प्रदेशस्तरीय प्रदर्शनी | रु. १ लाख | नगरप्रमुख सामाजिक सहायता |
| ८. | जनगर्जन मिडिया | जनपक्षीय पत्रकारिता विषयक अर्न्तकिया तथा तालिम | रु. १ लाख | नगरप्रमुख सामाजिक सहायता |
| ९. | इभोलुशन क्लब अफ बुटवल, तामनगर बुटवल-१२ | बृहत रक्तदान तथा दोस्रो इभोलुशन कप नकआउट फुटवल प्रतियोगिताका लागि कार्यक्रम सहयोग | रु. १ लाख | नगरप्रमुख सामाजिक सहायता |
| १०. | सिग्नल मिडिया नेटवर्क | असल अभ्यास सम्बन्धी कार्यक्रम | रु. १ लाख | नगरप्रमुख सामाजिक सहायता |
| ११. | मेडपा (MEDPA) | कार्यक्रमको संचालन एवं निरन्तरताका लागि बजेट अपुग भएको हुँदा थप बजेट | रु. १ लाख | नगरप्रमुख सामाजिक सहायता |
| १२. | पूर्व सिद्दनगर दुर्गापथ टोल विकास संस्था बुटवल -११ पूर्व सिद्दनगर, दुर्गापथ | कल्भर्ट निर्माण | रु.९० हजार | नगरप्रमुख सामाजिक सहायता |
| १३. | राष्ट्रिय समाचार समिति (रा.स.स) | बुटवल कार्यालयका लागि फर्निचर खरिद | रु.७५ हजार | नगरप्रमुख सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| | | | | सहायत |
| १४. | यातायात मजदुर तथा व्यवसायी भलाई कोष, बुटवल | स्वर्ण महोत्सव स्मारिकामा सूचना मूलक सन्देश प्रकाशनार्थ | रु.५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| १५. | बुटवल जेसिज | स्वर्णिम सार्थक स्मारिकामा सन्देश मूलक सूचना प्रकाशन वापत | रु.५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| १६. | सुनिता अर्याल, बुटवल -११ | कृष्टिना पौडेल वर्ष ३ की छोरीको मृगौला उपचार | रु.५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| १७. | लोकतान्त्रिक आदिवासी जनजाति महासंघ नेपाल | लुम्बिनी प्रदेश कमिटि, अधिवेशन आयोजनाका लागि | रु.५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| १८. | रेडियो मलमला, सैनामैना | सफल अभ्यास सम्बन्धी सामग्री उत्पादनका लागि | रु.५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| १९. | मूगौला तथा मुटु पीडित सरोकार समाज नेपाल बुटवल -१० | घरभाडाका लागि | रु.५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| २०. | दुर्गा पन्चायन मन्दिर ज्योतिनगर बुटवल-३ | बाद्यवादन सामग्री खरिद | रु.५० हजार | नगरप्रमुख सामाजिक सहायता |
| २१. | लुम्बिनी प्रेस | विशेषाङ्ग प्रकाशन | रु.३० हजार | नगरप्रमुख सामाजिक सहायता |
| २२. | घमिर समाज, रुपन्देही | कार्यक्रम सहकार्य | रु.३० हजार | नगरप्रमुख सामाजिक सहायता |
| २३. | मेची-महाकाली थारु भाषा सर्वेक्षण पुस्तक प्रकाशन (बम बहादुर थारु) कन्चन, रुपन्देही | सन्देशमूलक सूचना प्रकाशन | रु.२५ हजार | नगरप्रमुख सामाजिक सहायता |
| २४ | महादेव मन्दिर, बुटवल -१ | टिनको छाना मरमत | रु.२५ हजार | नगरप्रमुख सामाजिक सहायता |
| २५ | मेरो प्रेस | सन्देशमूलक सूचना | रु.१० हजार | सन्देश मूलक सूचना |
| २६. | समय चक्र | सन्देशमूलक सूचना | रु.१० हजार | सन्देश मूलक सूचना |

प्रस्ताव नं. १८.४.११

गौशाला संचालन सम्बन्धमा ।

निर्णय नं. १८.४.११

बुटवल उपमहानगरपालिका वडा नं. ७ स्थित शिवनगरमा रहेको गौशालामा हाल केही दिन यता देखि मानिसहरु जाने र दाना, चापट, पराल र भेली लगायतका खाद्य सामग्री खुवाउने क्रम अत्यन्त बढेको छ । त्यसरी गौशालामा जाने भक्तहरु चन्दा सहयोग दिन इच्छुक रहने गरेको हुँदा त्यसरी सहयोग दिनेहरुका लागि बिबिध ठेली रसिद मार्फत सहयोग लिने र उक्त रकम गौशाला संचालन तथा व्यवस्थापनका लागि मात्र खर्च गर्ने निर्णय गरियो । साथै सो गौशाला संचालनका लागि आवश्यक कार्यविधि समेत तयार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१८.४.१२

वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।

निर्णय नं.१८.४.१२

यस बुटवल उपमहमानगरपालिका अर्न्तगतको वडा कार्यालय वडा नं. ९ को भवन निर्माण प्रयोजनका लागि रु.५० लाख बजेट विनियोजन भएकोमा प्राविधिकबाट लागत अनुमान तयार गर्दा रु. ५५५१५९७२४(पच्पन्न लाख एकाउन्न हजार पाँच सय सन्तानब्बे रुपैया चौबिस पैसा मात्र) (भ्याट र पि.एस समेत गरी) भइ आएको हुँदा नपुग बजेट रकम रु. ५५१५९७२४ (पाँच लाख एकाउन्न हजार पाँच सय सन्तानब्बे रुपैया चौबिस पैसा मात्र) पूजिगत भैपरी शीर्षकबाट बजेट व्यवस्था गर्ने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १८.४.१३

अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १८.४.१३

आ.व ०८०/०८१ को लागि स्वीकृत कार्यक्रम अनुसार मेयर युवा इलम कार्यक्रम अन्तरगतका बेसिक कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङ्ग तालिम, वारिस्टा तालिम, एसी फ्रिज मरमत संभार तालिम र मोबाइल रिपेयर टेक्निसियन तालिम कार्यक्रमहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ को उपनियम (१) र (२) बमोजिम परामर्श सेवाबाट खरिद प्रकिया अगाडि बढाउने गरी भएको मिति २०८०/१२/०९ को नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

**बैठक नं.१९**

आज मिति २०८१/०१/३० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

गंगा घिमिरे - का.वा. वाध्यक्ष - 2

**प्रस्ताव नं.१९.१**

मिति २०८१।१।२० मा बसेको १८ औं बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. १९.१**

- लुम्बिनी बस टर्मिनलको संचालन तथा व्यवस्थापनका लागि आय ठेक्का बन्दोबस्ती गर्ने गरी निर्णय लिइएको ।
- बुटवल -७ शिवनगर स्थित सामुदायिक वन भित्र हाल गौशाला संचालन तथा व्यवस्थापन भइरहेको जग्गा लिजमा प्राप्तीको लागि प्रकिया अगाडि बढाइदिन स्थानीय जग्गा सिफारिस समितिमा लेखि पठाउने गरी निर्णय लिइएको । उक्त निर्णय उतार गरी जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा समेत पठाइएको ।
- बुटवल-६ स्थित पुरानो बसपार्क पछाडि रहेका १४ वटा सटर कोठाहरुको मिति २०८१ असार मसान्त सम्मका लागि म्याद थप गरिएको ।
- बुटवल-५ हाटबजार स्थित शपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको कोठा सटर व्यवसायी संघ बुटवललाई उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- तिलोत्तमा गोल्डकप संचालनका लागि विनियोजित बजेट रकम फिल्ड सम्म्याउने कार्यमा खर्च गर्नका लागि शीर्षकान्तर एवं रकमान्तर गर्ने गरी निर्णय लिइएको ।
- कार्यान्वयन गर्नुपर्ने आवश्यक योजनाहरुको डिपिआर प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- गौशाला व्यवस्थापनका लागि वडा कार्यालयहरुबाट कार्यान्वयन हुदै आएको कार्यतालिकामा परिमार्जन गर्ने गरी निर्णय लिइएको ।
- टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७४ (पाँचौ संशोधन २०८१) मा संशोधन गर्ने गरी निर्णय लिइएको र उक्त निर्देशिका स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- वडा नं.-११ स्थित अन्य टोल विकास संस्थासंग गाभिन नसकेको टोल विकास संस्थाको विषयमा स्थलगत अध्ययन गरी १ महिना भित्रमा सिफारिस गर्नका लागि वडा नं. १५ का वडाध्यक्ष एवं प्रवक्ता श्री शिव राना संयोजक रहने गरी चार सदस्यीय समिति गठन गरिएको ।
- वडा नं.- १४ स्थित मोतीगंज टोल विकास संस्थाको नाममा जग्गा खरिदका लागि उक्त संस्थाले स्वीकृति माग गरेको सन्दर्भमा स्थलगत अध्ययन गरी एक महिना भित्रमा प्रतिवेदन दिनका लागि वडा नं. १५ का वडाध्यक्ष एवं प्रवक्ता श्री शिव रानाको संयोजकत्वमा चार सदस्यीय समिति गठन गर्ने गरी निर्णय लिइएको ।
- बस्याल निर्माण सेवा बुटवल -११ लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने गरी निर्णय लिइएको ।

- २०८१ बैशाख ७ गतेको दिनमा बुटवल उपमहानगरपालिकाको आयोजनामा भएको जितगढी उत्सव कार्यक्रममा सहभागिता जनाएका ५१ झाँकीहरुलाई सहभागी शुल्क वापत रु. ५ हजार उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- वडा नं. ३, ५ र ६ का जिर्ण सडकहरु मरमतका लागि आवश्यक बजेटको व्यवस्था गर्ने गरी निर्णय लिइएको ।
- केही व्यक्ति एवं संघसंस्थाहरुलाई कार्यक्रम संचालनका लागि सहयोग र कार्यक्रम सहयोग उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- गौशालाको संचालन तथा व्यवस्थापनलाई थप व्यवस्थित गर्नका लागि विविध ठेली रसिदको व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- वडा कार्यालय वडा नं. ९ को भवन निर्माण प्रयोजनका लागि लागत अनुमान बमोजिमको नपुग रकम थप गर्ने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं.१९.२**

आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना एवं संचालन सम्बन्धमा ।

**निर्णय नं.१९.२**

बुटवल उपमहानगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य सेवाको सहज पहुच पुऱ्याउने उद्देश्यले बुटवल उपमहानगरपालिकाको नगरसभाको १४ औं अधिवेशनबाट स्वीकृत विनियोजन ऐन, २०८० को कार्यक्रम शीर्षक-आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन र अनुगमन पूर्ण संस्थागत सुत्केरी अभियान लगायतको शीर्षकमा रकम रु.५४,००,००० (चौवन्न लाख रुपैंया मात्र) विनियोजन भएको र वडा नं.५,६,८,९,१० र १८ का देहायका स्थानहरुमा आधारभुत स्वास्थ्य सेवा स्थापना एवं संचालनका लागि उल्लेखित वडा कार्यालयहरुबाट स्थान समेत छनौट गरी अनुरोध भई आएको हुँदा कार्यालयबाट पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गरी उल्लेखित स्वास्थ्य सेवा केन्द्र स्थापना एवं संचालनका लागि आवश्यक उपकरण, औषधि र जनशक्तिको व्यवस्थापन गरी संचालन एवं कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना एवं संचालन हुने स्थानहरु :-

| क्र.स. | वडा नं. | आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन गर्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | ५ | जेष्ठ नागरिक भवन | |
| २ | ६ | जेष्ठ नागरिक भवन | |
| ३ | ८ | वडा कार्यालयको भवनमा रहेको कोठाहरु | |
| ४ | ९ | लुम्बिनी बस टर्मिनल परिसरमा रहेको बुटवल उपमहानगरपालिकाको भौतिक संरचनाको पहिलो तलामा | |

| | | | |
|---|---|---|---|
| ५ | १० | वडा कार्यालयको भवनमा रहेको कोठाहरु | |
| ६ | १८ | उत्तर पोखराबारी टोल विकास संस्थाले प्रयोग गरेको सामुदायिक भवन | |

**प्रस्ताव नं.१९.३**

गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन समितिबाट भएको निर्णय प्रस्ताव स्वीकृत सम्बन्धमा ।

**निर्णय नं.१९.३**

गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७९ बमोजिम पहिचान गरिएका तालिमहरु यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र संचालन गर्ने गरी मिति २०८०।१०।१५ मा बसेको गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन समितिको बैठकको निर्णय बमोजिम पेश हुन आएको विभिन्न शीर्षकहरुमा विनियोजित विवरण सहितको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । साथै पेश भए बमोजिमका र यस्तै प्रकृतिका आवश्यक अन्य तालिमका कार्यक्रमहरु समेत थप गरी तालिम संचालन एवं कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१९.४, विविध ।**

**प्रस्ताव नं. १९.४.१**

गौशाला व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १९.४.१**

बुटवल नगरका मुख्य एवं भित्री सडकहरुमा डुल्ने सडक चौपायाहरुलाई वडा नं.७ शिवनगर स्थित गौशालामा व्यवस्थापन गरिदै आएको छ । सो व्यवस्थापनले गर्दा सडकमा छाडा चौपायाहरु कम भएका छन भने गाउँ तर्फका किसानहरुको खेतीवाली सुरक्षित भएको र दुर्घटनामा समेत कमि आएको पाइएको छ । वर्षायाम शुरु भएको छ । संचालित गौशालामा रहेका चौपायाहरुको लागि बासस्थान नहुदा दैनिक सयौको संख्यामा गौशालामा जाने भक्तहरुका साथै स्थानीयवासीहरुले स्वस्फुत रुपमा आफुहरुले १०% लागत सहभागिताको सुनिश्चितता गर्ने गरी हल्का ट्रसको २ वटा अस्थायी गोठ निर्माण गर्नका लागि वडा कार्यालय वडा नं. ७ को प.सं.०८०।०८१ च.नं.१८५६ मिति २०८१।१।२८ को पत्रबाट गोठ ट्रस निर्माण उपभोक्ता समिति र अनुगमन समिति समेत गठन गरी अनुरोध भई आएको हुँदा उक्त उपभोक्ता समिति मार्फत चौपायाहरुलाई ओत लाग्न मिल्ने खालका हल्का अस्थायी संरचना ट्रस गोठ निर्माण सम्बन्धी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.१९.४.२

बजेटको सुनिश्चितता गर्ने सम्बन्धमा ।

निर्णय नं. १९.४.२

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका मुख्य सडक र भित्री सडकहरुमा उज्यालो र सुरक्षित शहर बनाउने उद्देश्य र नीति अनुरुप १२.५ मिटरका ५ वटा Highmast Light जडानका लागि २०% श्रोतको सुनिश्चितता गर्नु पर्ने भएको हुँदा उक्त योजनाका लागि चालु आ.व.को पुजिगत भैपरि शीर्षक र बाँकी नपुग रकम आगामी आ.व. ०८१/०८२ को बजेटमा श्रोतको सुनिश्चितता गर्ने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १९.४.३

विपद् व्यवस्थापनको लागि पूर्व तयारी सम्बन्धमा ।

निर्णय नं.१९.४.३

बुटवल उपमहानगरपालिका क्षेत्र प्राकृतिक हिसाबले अवसर र चुनौतीहरु रहेको नगरमा पर्दछ । वर्षायाम शुरु भएका कारण बाढी, पहिरो, भुक्षय र कटान जस्ता प्राकृतिक प्रकोपहरु आइपर्ने हुँदा सबै वडा कार्यालयहरु र नगरकार्यपालिकाको कार्यालयले विगतका अनुभवहरुलाई समेत मध्यनजर गरी आवश्यक सामग्री खरिद गर्ने र पूर्व तयारी र सर्तकता अपनाउने गरी कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १९.४.४

प्राकृतिक हिसाबले जोखिमयुक्त स्थानको नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.१९.४.४

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा प्राकृतिक रुपमा आवश्यकता भन्दा बढी माटो, भंस्कर नदीजन्य पदार्थ जम्मा भएको र उक्त नदीजन्य पदार्थलाई समयमै व्यवस्थापन नगर्ने हो भने खोला, नाला र बाढी अवरोध भई बस्तीहरु तर्फ प्रवेश गरी ठूलो जनधनको क्षति हुने अवस्था विधमान भएकोले देहायका वडाहरुबाट व्यवस्थापन हुन भनी लेखि आएको हुँदा देहायका वडाहरु भित्रका देहायका स्थानहरुको प्राविधिक प्रतिवेदन समेतका आधारमा नदीजन्य पदार्थको व्यवस्थापन गर्ने गरी सहमति एवं अनुमति प्राप्तीका लागि जिल्ला विपद् व्यवस्थापन समिति रुपन्देहीमा अनुरोध गरी पठाउने गरी निर्णय गरियो ।

- **वडा नं. १२ मा** - सतगढी टोल विकास संस्था अर्न्तगत रहेको पिस पार्क पछाडि सतगढी खोलाले बस्ती तर्फ कटान गरी खोलाको बहाव बस्ती तर्फ रहेको हुँदा खोलाको बहाव बीचबाट

हुने गरी व्यवस्थापन गर्ने । साथै वडा नं. १२ र १४ को सिमानामा पर्ने दुर्गानगर पुल देखि तल कारिडोरले थुपारेको खोलाको बिचको मिस्कट हटाउनु पर्ने ।

- प्रगति टोलमा पर्ने राजपुर खोलाको बहाव बस्ती तर्फ आई खेती योग्य जमिन र बस्तीलाई समेत असर पारेको हुँदा उक्त स्थानमा खोलाको बहाव बीचबाट गराउनु पर्ने ।
- **वडा नं. १३** - बुटवल उपमहानगरपालिका वडा नं. २ र १३ को सिमाना देखि वडा नं. १३ स्थित शान्ति चोकको जितनगरपथ दानव नदीको सिमानासम्म दुवै तर्फ नदी उकास भई वर्षाको समयमा बस्तीमा बाढी पस्ने भएकोले उक्त स्थानको सरसफाई एवं व्यवस्थापन गर्ने ।
- **वडा नं.१४-** कैलाशनगर टोल अर्न्तगत दानव नदीमा कोरिडोर निर्माणको क्रममा निर्माण व्यवसायीले पर्खाल निर्माण गर्दा निस्केको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी तथा मिस्कट नदीको बीच भागमा छोडेको र वर्षायाममा बस्तीमा बाढी पस्ने खतरा भएको हुँदा सो क्षेत्रको ढुङ्गा, गिट्टी तथा मिस्कट बाहिर निकाल्ने व्यवस्था हुन ।
- **वडा नं. १५-** उजेलापुर थारु टोल विकास संस्था अर्न्तगत दानव नदीमा निर्माणाधिन अवस्थामा रहेको दानव नदी कोरिडोर सडक निर्माण गर्ने क्रममा जग खन्दा निस्केको मिस्कट दानव नदीको बीच भागमा थुपारेको कारण वर्षायाममा आउने बाढी उक्त ढिस्काले छेकेर बस्तीमा पस्ने खतरा भएकोले नदीको बीच भागमा रहेको मिस्कट तत्काल हटाउने व्यवस्था हुन ।

**प्रस्ताव नं. १९.४.५**

आधुनिक पशुबधशालाको सन्र्दभमा सङ्घीय राजपत्रमा प्रकाशित सूचना जानकारी सम्बन्धमा ।

**निर्णय नं.१९.४.५**

लुम्बिनी प्रदेशको रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. १० स्थित आधुनिक पशुबधशाला रहेको स्थान भित्रको क्षेत्रमा नेपाल सरकारले पशुबधशाला र मासु जाँच ऐन, २०५५ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भाग ५ नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सूचना भनी खण्ड ७४) संख्या नेपाल राजपत्र भाग ५ मिति २०८१।१।२७ मा प्रकाशन भएको र प्रकाशन भएको मितिदेखि प्रारम्भ हुने गरी तोकेकोले उक्त राजपत्र आजको बैठकमा पेश भई जानकारी भयो । सो विषय सार्वजनिक सरोकारको विषय भएको हुँदा सम्बन्धित सरोकारवाला पक्षहरु सबैलाई उपलब्ध गराई जानकारी गराउने र कार्यान्वयन प्रकियालाई कडाईका साथ लागु गर्ने व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. १९.४.६**

कार्यदल गठन सम्बन्धमा ।

**निर्णय नं.१९.४.६**

बुटवल उपमहानगरपालिका वडा नं. १० रामनगर स्थित कालिका मानवज्ञान कलेज र स्थानीय समुदायका बीचको जग्गा सम्बन्धी समस्याका सम्बन्धमा स्थलगत अध्ययन गरी एक महिना भित्रमा प्रतिवेदन दिनका लागि देहाय बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री शिव राना, वडाध्यक्ष एवं प्रवक्ता, वडा नं. १५ - संयोजक
- श्री यज्ञ प्रसाद पंगेनी, वडाध्यक्ष, वडा नं. ८ - सदस्य
- श्री बल बहादुर पुन, वडाध्यक्ष, वडा नं.१० - सदस्य
- श्री बिजयदेव भुर्तेल, उपनिर्देशक -सचिव

**प्रस्ताव नं.१९.४.७**

योजनाको म्याद थप सम्बन्धमा ।

**निर्णय नं.१९.४.७**

चालु आ.व.०८०/०८१ का लागि स्वीकृत वार्षिक कार्यक्रम मध्येका उपभोक्ता समितिहरु मार्फत संचालन एवं कार्यान्वयन हुने आयोजनाहरुको लागि सम्झौता गर्ने म्याद २०८० फालुण १५ गतेसम्म कायम गरिएको भए तापनि देहायका आयोजनाहरु कार्यान्वयन गर्न आवश्यक भएको हुँदा सम्झौता प्रकिया पुरा गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१- चण्डीपथ सडक निर्माण बुटवल -११

२- प्रगतिनगर वि.सी.टोल विकास संस्था अर्न्तगत गोपालपथ मन्दिर निर्माण बुटवल -११

३- राष्ट्रिय विभुक्ति पार्क बुटवल -११

**प्रस्ताव नं. १९.४.८**

संशोधन सम्बन्धमा ।

**निर्णय नं. १९.४.८**

मिति २०८१।१।२० मा बसेको नगरकार्यपालिकाको १८ औं बैठकको निर्णय नं.१८.४.८ मा झाँकी र्‍यालीमा सहभागी संख्या ५२ हुनु पर्नेमा अन्यथा भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १९.४.९**

अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. १९.४.९**

बुटवल उपमहानगरपालिका र नेपाल पत्रकार महासंघ रुपन्देहीद्वारा स्थापित सूर्यप्रसाद स्मृति विकास पत्रकारिता पुरस्कार निर्देशिका, २०८१ र सो बमोजिम कार्यान्वयन गर्ने गरी मिति २०८१।१।१२ मा नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र नेपाल पत्रकार महासंघ रुपन्देहीका सभापति बीच भएको द्विपक्षीय सहमतिलाई अनुमोदन गरियो ।

**प्रस्ताव नं. १९.४.१०**

अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. १९.४.१०**

बुटवल उपमहानगरपालिका र नेपाल पत्रकार महासंघ रुपन्देहीद्वारा स्थापित उत्कृष्ट पत्रकारिता पुरस्कार निर्देशिका, (संशोधन) २०८१ र सो बमोजिम कार्यान्वयन गर्ने गरी मिति २०८१।१।१२ मा नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र नेपाल पत्रकार महासंघ रुपन्देहीका सभापति बीच भएको द्विपक्षीय सहमतिलाई अनुमोदन गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

**बैठक नं.२०**

आज मिति २०८१/०२/११ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

प्राई प्रसाद राई - का.वा.अध्यक्ष - १ -

प्रस्ताव नं.२०.१

मिति २०८१/०१/३० मा बसेको १९ औं बैठकको समीक्षा सम्बन्धमा ।

निर्णय नं.२०.१

- बुटवल उपमहानगरपालिका अर्न्तगतका वडा नं.५,६,८,९,१० र १८ का विभिन्न स्थानहरुका आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना एवं संचालन गर्ने गरी निर्णय लिइएको ।
- गृहिणी महिला स्वरोजगार कार्यक्रम संचालन समितिबाट भएको निर्णय स्वीकृत गरिएको ।
- बुटवल उपमहानगरपालिका अर्न्तगत वडा नं ७ स्थित शिवनगरमा रहेको गौशालालाई व्यवस्थित गर्ने गरी निर्णय लिइएको ।
- Highmast Light जडान कार्यका लागि २०% लागत सहभागिताको सुनिश्चितता हुने गरी निर्णय लिइएको ।
- विपद् व्यवस्थापनका लागि पूर्व तयारी गर्ने गरी निर्णय लिइएको ।
- प्राकृतिक हिसावले जोखिमयुक्त स्थानहरुबाट नदीजन्य पदार्थको व्यवस्थापन गर्नका लागि आवश्यक निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका वडा नं. १० स्थित रामनगरमा रहेको आधुनिक पशुबधशाला स्थलको चौकिल्ला भित्र मिति २०८१।०१।२७ गते देखि लागु हुने गरी बध गर्नका लागि नेपाल सरकारबाट सङ्घीय राजपत्रमा प्रकाशित भएको राजपत्र जानकारीमा लिइएको र सो सम्बन्धमा आवश्यक कार्यान्वयन प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका र नेपाल पत्रकार महासंघ रुपन्देही बीच सूर्यप्रसाद स्मृति विकास पत्रकारिता पुरस्कार र उत्कृष्ट पत्रकारिता पुरस्कार सम्बन्धमा मिति २०८१।१।१२ मा भएको द्विपक्षीय सहमतिलाई अनुमोदन गरिएको ।

प्रस्ताव नं.२०.२

आगामी आ.व. ०८१/०८२ का लागि बजेट सिमा निर्धारण सम्बन्धमा ।

निर्णय नं. २०.२

बुटवल उपमहानगरपालिकाको चालु आ.व.को हाल सम्मको यथार्थ आम्दानी र खर्चको अवस्थालाई मध्यनजर गरी आगामी आ.व. ०८१/०८२ को लागि देहाय बमोजिम हुने गरी वडागत बजेटको शिलिङ्ग तोक्ने र सोही शिलिङ्गको मापदण्ड भित्र रही वडा भेलाहरु सम्पन्न गर्ने निर्णय गरियो ।

## वडागत बजेट सिलिङ्ग

| वडा नं. | विकासको अवस्था | अंकभार | रकम | जनसंख्या | अंकभार | रकम | ०८० चैत्र मसान्त सम्म राजस्व संकलनमा योगदान | अंकभार | रकम | भूगोल | अंकभार | रकम | प्रस्तावित रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५ | ०.०५ | १,९०३,८४६.१५ | ३११५ | ०.०२ | ९०३,५२२.८६ | १,८८५,६२१.७६ | ०.०१ | २३१,११३.९० | ३.२७४ | ०.०३ | १,३२९,०६०,६७ | ४,३६७,000.00 |
| २ | १५ | ०.०५ | १,९०३,८४६.१५ | ६४२२ | ०.०४ | १,८६२,७३६.३७ | ३,७०४,३२०.०५ | ०.०१ | ४५४,०२५.२२ | ३.६६५ | ०.०४ | १,४८७,७८४.७८ | ५,७०८,000.00 |
| ३ | १० | ०.०३ | १,२६९,२३०.७७ | १०८०९ | ०.०६ | ३,१३५,२०९.८१ | ११,०२६,०१५.३८ | ०.०४ | १,३५१,४१९.१७ | २.९३७ | ०.०३ | १,१९२,२५७.५४ | ६,९४८,000.00 |
| ४ | १० | ०.०३ | १,२६९,२३०.७७ | ५०७८ | ०.०३ | १,४७२,९०१.७९ | २८,८४१,०६७.३९ | ०.११ | ३,५३४,९४६.२० | ३.८९१ | ०.०४ | १,५७९,५२८.१२ | ७,८५६,000.00 |
| ५ | १० | ०.०३ | १,२६९,२३०.७७ | २९७९ | ०.०२ | ८६४,०७५.३१ | ९,८७१,७८६.७० | ०.०४ | १,२०९,९४९.४९ | ०.४४१ | ०.०० | १७९,०२१.३१ | ३,५२२,000.00 |
| ६ | १० | ०.०३ | १,२६९,२३०.७७ | ५६३८ | ०.०३ | १,६३५,३३२.८६ | ३५,०७४,०००.०९ | ०.१३ | ४,२९८,८९४.४१ | २.२३ | ०.०२ | ९०५,२५५.१३ | ८,१०८,000.00 |
| ७ | १० | ०.०३ | १,२६९,२३०.७७ | १११२२ | ०.०७ | ३,२२५,९९७.१८ | १०,५२८,६८३.९५ | ०.०४ | १,२९०,४६३.०४ | ५.९६ | ०.०६ | २,४१९,४२६.२७ | ८,२०५,000.00 |
| ८ | १० | ०.०३ | १,२६९,२३०.७७ | १०४२८ | ०.०६ | ३,०२४,६९८.६६ | २८,७४१,७३५.६६ | ०.११ | ३,५२२,७७१.४७ | ०.९३२ | ०.०१ | ३७८,३३९.८१ | ८,१९५,000.00 |
| ९ | १५ | ०.०५ | १,९०३,८४६.१५ | ५४५६ | ०.०३ | १,५८२,५४२.७६ | २७,०३९,२५५.९२ | ०.१० | ३,३१४,१०४.६३ | ०.६०८ | ०.०१ | २४६,८१३.९५ | ७,०४७,000.00 |
| १० | १० | ०.०३ | १,२६९,२३०.७७ | ५६७१ | ०.०३ | १,६४४,९०४.६९ | १४,७३५,६५८.९३ | ०.०५ | १,८०६,०९६.८७ | ४.११७ | ०.०४ | १,६७१,२७१.४७ | ६,३९१,000.00 |
| ११ | २० | ०.०६ | २,५३८,४६१.५४ | ४६८२० | ०.२७ | १३,५८०,३९८.११ | ४०,८९५,९७६.८४ | ०.१५ | ५,०१२,४७३.२३ | ४.२५ | ०.०४ | १,७२५,२६२.०२ | २२,८५६,000.00 |
| १२ | २० | ०.०६ | २,५३८,४६१.५४ | १३६१८ | ०.०८ | ३,९४९,९७५.६८ | १२,९८७,७९८.५२ | ०.०५ | १,५९१,८६७.८९ | २२.७१ | ०.२२ | ९,२१९,३९४.२८ | १७,२९९,000.00 |
| १३ | २० | ०.०६ | २,५३८,४६१.५४ | १५०४४ | ०.०९ | ४,३६३,५९४.८१ | १६,३८१,५५२.०८ | ०.०६ | २,००७,८२८.०९ | १४.२७ | ०.१४ | ५,७९२,४१५.०० | १४,७११,000.00 |
| १४ | २५ | ०.०८ | ३,१७३,०७६.९२ | ५०७८ | ०.०३ | १,४७२,९०१.७९ | ३,८३९,५१२.६७ | .०१ | ४७०,५९५.३० | ५.२७ | ०.०५ | २,१३९,३२४.९० | ७,२५५,000.00 |
| १५ | २५ | ०.०८ | ३,१७३,०७६.९२ | ४८८१ | ०.०३ | १,४१५,७६०.८५ | ५,६८१,८८२.७६ | .०२ | ६९६,४०७.९९ | ३.३२४ | ०.०३ | १,३४९,३५७.८७ | ६,६३४,000.00 |
| १६ | २५ | ०.०८ | ३,१७३,०७६.९२ | ३६२९ | ०.०२ | १,०५२,६११.३८ | ४,१६४,९६९.०० | ०.०२ | ५१०,४८५.३१ | ६.६९२ | ०.०७ | २,७१६,५७७.२८ | ७,४५२,000.00 |
| १७ | २५ | ०.०८ | ३,१७३,०७६.९२ | ६९०६ | ०.०४ | २,००३,१२३.२२ | ३,७४०,५९३.०० | ०.०१ | ४५८,४७१.०७ | ४.९२४ | ०.०५ | १,९९८,८६८.२८ | ७,६३३,000.00 |
| १८ | २५ | ०.०८ | ३,१७३,०७६.९२ | २८६४ | ०.०२ | ८३०,७१८.९३ | ३,५६५,२९८.०४ | ०.०१ | ४३६,९८५.८० | ५.५०७ | ०.०५ | २,२३५,५३३.६३ | ६,६७६,000.00 |
| १९ | २५ | ०.०८ | ३,१७३,०७६.९२ | ५०९९ | ०.०३ | १,४७८,९९२.९५ | ६,५३६,०५५.७२ | ०.०२ | ८०१,१००.९१ | ६.६१३ | ०.०७ | ३,६८४,४०७.७० | ८,१३७,000.00 |
| | ३२५ | १ | ४१,२५०,००० | १७०,६५७ | १.०० | ४९,५००,०००. | २६९,२४१,७८४ | १ | ३३,000,000.00 | १०१.६२ | १.०० | ४१,२५०,००० | १६५,000,000.00 |

**प्रस्ताव नं. २०.३ विविध ।**

**प्रस्ताव नं. २०.३.१**

जग्गा लिजमा उपलब्ध हुन सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं. २०.३.१**

कम्यूनिष्ट संग्रहालय नेपाल, बुटवलले संग्रहालय निर्माणको लागि बुटवल उपमहानगरपालिका वडा नं. १२ को सतगढी क्षेत्रमा जग्गा लिजमा प्राप्तिको लागि जग्गा माग गरी वडा कार्यालयमा निवेदन पेश गरे बमोजिम १२ नं. वडा समितिको मिति २०८१/१/९ गतेको बैठकबाट निर्णय गरी यस कार्यालयमा सिफारिस गरेका आधारमा यस कार्यालयका प्राविधिकहरुबाट पेश भएको प्रतिवेदन र फिल्ड स्केचको आधारमा बुटवल उपमहानगरपालिका वडा नं. १२ अर्न्तगत नक्शा नं. २त कि.नं.१ मध्येको पूर्व : सडक, पश्चिम : खोला, उत्तर : कि.नं. १ कै बाँकी जग्गा र दक्षिण पूर्व-पश्चिम लोकमार्ग यति चारकिल्ला भित्रको करिब ०-२-३ (दुई कठ्ठा तीन धुर) जग्गा कम्यूनिष्ट संग्रहालयको नाममा लिजमा जग्गा प्राप्तिको प्रकिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २०.३.२**

**करार नियुक्ति सम्बन्धमा ।**

**निर्णय नं. २०.३.२**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको स्वीकृत दरबन्दी भित्रका विभिन्न पदहरु विविध कारणहरुले गर्दा रिक्त हुन गई काममा बाधा पर्न गएको । यसै नगरकार्यपालिकाको निर्णय बमोजिम स्वीकृत दरबन्दी भित्रका नगर प्रहरी जवान माग पद संख्या -७, नगर प्रहरी महिला माग पद संख्या -३ र फायरमेन माग पद संख्या-४ करार सेवाको माध्यमबाट पदपूर्ति गर्ने गरी मिति २०८०/११/१८ मा गरिएको विज्ञापन र प्रकाशित सूचना बमोजिम पर्न आएका दरखास्तवाला उम्मेदवारहरुको लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र बुटवलमा कार्यालयबाट शारीरिक तन्दुरुस्ती र मेडिकल गराइदिन अनुरोध गरि पठाइएकोमा उक्त तालिम केन्द्रबाट प्राप्त छनौट अभिलेख बमोजिम मिति २०८०/२/३ र ऐ.४ गते अर्न्तवार्ता सम्पन्न भई शारीरिक तन्दुरुस्ती, भुगोलको अंक, अनुभव र अर्न्तवार्ताको औसत अंक समेतबाट योग्य उम्मेदवारहरुको तिनपुस्ते नामावली सहितको योग्यताक्रम मिति २०८०/२/३ र ऐ. ४ गते बसेको करार छनौट समितिको बैठकबाट सिफारिस भए बमोजिम देहायका पद र तहमा देहाय बमोजिम हुने गरी सिफारिस भई आएका देहायका व्यक्तिहरुलाई करार सम्झौता बमोजिम हुने गरी निजहरुसंग दुई पक्षीय सम्झौता गरी मिति २०८१/२/८ गते देखि लागु हुने गरी हाललाई बढीमा २०८१ असार मसान्त सम्मका लागि करार सेवामा नियुक्ति दिने गरी कार्यालयबाट भएको निर्णय स्वीकृत गर्ने र सो विषय आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

पदः- नगर प्रहरी जवान तहः- सहायकस्तर प्रथम

| योग्यता क्रम | रो.नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ८४ | समिर क्षेत्री | बुटवल-१५, रुपन्देही | यम बहादुर क्षेत्री | तेज बहादुर |
| २ | ३४ | गौरव सुनार | बुटवल-१३, रुपन्देही | भिम बहादुर सुनार | ज्ञान बहादुर |
| ३ | २२ | प्रकाश विके | बुटवल -५, रुपन्देही | कुमार विके | पदम बहादुर |
| ४ | ४५ | भानुभक्त बेल्वासे | शितगंगा- १०, अ.खाँ | प्रेम नारायण वेल्वासे | लिलाधर |
| ५ | ५४ | मदन मोहन मल्ल | रुरु-२, गुल्मी | देविन्द्र मल्ल | पदम बहादुर |
| ६ | ७४ | शुशिल परियार | शुद्धोधन-३, रुपन्देही | भुपाल दमाई | मानसिंह |
| ७ | ७८ | सन्दीप कुमाल | विहादी-३, पर्वत | केशव कुमाल | ओम बहादुर |

पद :- नगर प्रहरी महिला :- तह :- सहायकस्तर प्रथम

| योग्यता क्रम | रो.नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ५६ | रीमा नेपाली | शिवराज नपा-१०,क.ब. | सन्त बहादुर नेपाली | नर बहादुर |
| २ | ३३ | सरिता गैरे | बुटवल-५, रुपन्देही | दान बहादुर नेपाली | दिल बहादुर |
| ३ | ३ | फुलमाया खत्री | धुर्कोट-१, गुल्मी | गुन बहादुर जोगी कुँवर | धोम बहादुर |

पद :- फायरमेन तह :- सहायकस्तर प्रथम

| योग्यता क्रम | रो.नं. | उम्मेदवारको नाम थर | ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | २७ | मदन पाण्डे | बुटवल-११, रुपन्देही | कमलदेव पाण्डे | भविश्वर |
| २ | १२ | चन्द्र प्रसाद विश्वकर्मा | बुटवल -१३, रुपन्देही | भिम बहादुर विक | नन्द बहादुर |
| ३ | ३० | राजेश कुमार यादव | गैडाहवा-७, रुपन्देही | राम अचल यादव | बेकारु |

**प्रस्ताव नं. २०.३.३**

प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।

**निर्णय नं. २०.३.३**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०८०/११/२७ मा बसेको बैठकबाट लामा वानिया जे.भी. कन्स्ट्रक्सन र नदीजन्य पदार्थको प्रयोग सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि वडा नं. ९ का वडाध्यक्ष श्री प्रदिप कुमार श्रेष्ठको संयोजकत्वमा गठित कार्यदलबाट पेश हुन आएको प्रतिवेदन प्रस्तुत भई जानकारी भयो ।

**प्रस्ताव नं. २०.३.४**

वडा नं. १ मा रहेको कवर्डहलका सम्बन्धमा स्थलगत अध्ययन गरी प्राप्त हुन आएको प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. २०.३.४**

बुटवल उपमहानगरपालिकाको विगत आ.व.०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अर्न्तगत वडा नं.. १ स्थित कवर्डहल निर्माण योजना कार्यान्वयन गर्ने सिलसिलामा जग्गाको विवाद भएको । सो सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि मिति २०८०।१२।२१ मा बसेको नगरकार्यपालिकाको १५ औं बैठकको निर्णय नं. १५.७.१ बाट वडा नं. १ का वडाध्यक्ष श्री नरेन्द्र बस्नेतको संयोजकत्वमा गठित कार्यदलबाट पेश हुन आएको प्रतिवेदन आजको बैठकमा प्रस्तुत भई जानकारी भयो । प्रस्तुत प्रतिवेदन, मिति २०८०।१२।२१ गतेको नगरकार्यपालिकाको बैठकको निर्णय नं. १५.७.१ बाट भएको निर्णय र मिति २०८०।९।१३ मा बसेको नगरसभाको १४ औं अधिवेशनको दोस्रो बैठकबाट यस नगरकार्यपालिकालाई प्रत्यायोजन भई आएको अधिकार बमोजिम उक्त योजनाको कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २०.३.५**

स्रोतको सुनिश्चितता गर्ने र बहुवर्षिय कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने सम्बन्धमा ।

**निर्णय नं. २०.३.५**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका मुख्य सडक र भित्री सडकहरुमा **Highmast light** जडान गरी नगरलाई उज्यालो र सुरक्षित शहर बनाउने उद्देश्य र नीति अनुरुप मिति २०८१।१।३० गतेको नगरकार्यपालिकाको बैठकबाट थप ५ स्थानमा हाईमास्ट लाईट आपूर्ति तथा जडान गर्ने भनी निर्णय भएको हुँदा उक्त कार्यको लागि चालु आ. व. २०८०/०८१ को पूजिगत भैपरी ,खर्च शीर्षक ३११५९ सि.नं. ६०० मा विनियोजित बजेट रकम रु. २ करोड मध्येबाट चालु आ.व.का लागि रु.१६,६१,०००।

(अक्षरुपी सोह्र लाख एकसट्ठी हजार मात्र) र बाँकी नपुग रकम रु.६६,४१,८५४।६१ (अक्षरुपी छैसठ्ठी लाख एक्चालीस हजार आठ सय चौवन्न रुपैया र एकसट्ठी पैसा मात्र ) आगामी नगरसभाबाट बजेटको सुनिश्चितता हुने गरी बहुवर्षिय कार्यक्रममा समावेश गरी ठेक्का प्रकिया मार्फत कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २०.३.६**

वडा नं. ९ र १० को सरसफाईको कार्य निजी क्षेत्र मार्फत व्यवस्थापनका लागि आय ठेक्का बन्दोबस्ती गर्ने सम्बन्धमा ।

**निर्णय नं. २०.३.६**

यस बुटवल उपमहानगरपालिका अर्न्तगत वडा नं. ९ र १० का क्षेत्रहरुलाई समेत आय ठेक्काको माध्यमबाट निजी क्षेत्र मार्फत सरसफाई गराउन उपयुक्त हुने ठानिएकोले नगरसभाबाट स्वीकृत आर्थिक ऐनले निर्दिष्ट गरे बमोजिमको शुल्क लिने, सम्पूर्ण खर्च ठेक्का बन्दोबस्ती गर्ने फर्म वा व्यक्तिले व्यहोर्ने र असुली भएको रकमको न्यूनतम २१% राजश्व उपमहानगरपालिकालाई बुझाउने गरी उल्लेखित वडाहरुको सरसफाईको जिम्मेवारी बढीमा ३ तीन वर्षका लागि निजी क्षेत्रलाई दिने गरी ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने भनी मिति २०८०/११/१४ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २०.३.७**

खोल्सी सफाई सम्बन्धमा ।

**निर्णय नं. २०.३.७**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका देहायका स्थानहरुमा प्राकृतिक रुपमा आवश्यकता भन्दा बढी माटो, भस्कट र नदीजन्य पदार्थ जम्मा भएको छ । उक्त खोल्सीहरु सफा नगर्ने हो भने यस वर्षको वर्षायाममा अरु बढी जोखिम बढ्न जाने भएको हुँदा देहायका स्थानहरुको प्राविधिक प्रतिवेदन समेतका आधारमा नदीजन्य पदार्थको व्यवस्थापन गर्ने गरी सहमति एवं अनुमति प्राप्तीका लागि जिल्ला विपद् व्यवस्थापन समिति रुपन्देहीमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

- बुटवल उपमहानगरपालिका वडा नं.४ स्थित नरध्वज गुरुङ्गको घर देखि वडा नं. ६ को सिमाना (स्वर्गद्वारी पुल) सम्मको खोल्सी सफाई गर्ने ।
- बुटवल उपमहानगरपालिका वडा नं. २ स्थित पुस्पनरसिंह टोल र कालिका उजिरसिंह बीचको खोल्सी सफाई गर्ने ।

**प्रस्ताव नं. २०.३.८**

सम्झौता गरी कार्य प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

**निर्णय नं. २०.३.८**

बुटवल उपमहानगरपालिका अर्न्तगतका देहायका वडाहरु तर्फका देहायका आयोजनाहरु कार्यान्वयन गर्न आवश्यक भएको हुँदा शाखा, महाशाखा र सम्बन्धित प्राविधिकको राय समेतका आधारमा पेश भए बमोज़िमको बजेटको परिधिभित्र रही सम्झौता गरी कार्यप्रकिया अगाडि बढाउने निर्णय गरियो ।

- बुटवल -५ हाटबजार स्थित हाटबजार क्षेत्रका टहराको भागमा बाटो खोल्ने कार्य ।
- बुटवल -९ स्थित आई. सी. आई. पथको सडक निमार्ण कार्य ।
- बुटवल -९ स्थित तिनाउँ पथ पि.सि.सि. निमार्ण कार्य ।
- बुटवल -१० स्थित कालिकानगरमा कालिका स्पोर्टस क्लबको खेल मैदान भित्र विद्युत मिटर ठाउँसारी तथा खेलमैदानमा तारजाली तथा संरचना निमार्ण कार्य ।

**प्रस्ताव नं. २०.३.९**

संशोधन सम्बन्धमा ।

**निर्णय नं. २०.३.९**

बुटवल उपमहानगरपालिकाका जननिर्वाचित जनप्रतिनिधिहरुका २ वर्ष शीर्षकमा भिडियो सामग्री तयारीका लागि लुम्बिनी मल्टिमिडियालाई रु.३ लाख उपलब्ध गराउने हुनुपर्नेमा यस अघिको निर्णयमा अन्यथा भएको हुँदा उक्त निर्णय संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २०.३.१०**

जग्गा संरक्षण सम्बन्धमा ।

**निर्णय नं. २०.३.१०**

बुटवल उपमहानगरपालिका वडा नं. ११ स्थित प्रगति नगरमा रहेको सार्वजनिक जग्गामा केही दिनयता देखि स्थानीयस्तरमा विवाद सृजना भएको र सार्वजनिक जग्गाको संरक्षण गर्नु स्थानीय सरकारको दायित्व समेत भएको हुँदा उक्त जग्गाको तत्काल संरक्षण प्रकिया अगाडि बढाउन कार्यालयलाई यो बैठक निर्देशन गर्दछ ।

**प्रस्ताव नं. २०.३.११**

जानकारी सम्बन्धमा ।

**निर्णय नं. २०.३.११**

बुटवल उपमहानगरपालिकाको वडा नं. ११ स्थित प्रगतिनगर घाटको नदीजन्य पदार्थको बिक्री वितरणका लागि खुल्ला प्रतिस्पर्धाबाट टेण्डर आव्हान गरिएकोमा कोही कसैको टेण्डर पर्न नआएको र नदीजन्य पदार्थको उत्खननका लागि नियमानुसारको प्रकिया अवलम्बन गर्दा कानूनी समय सिमा कट्ने हुँदा सो विषय र होडिङ्ग बोर्ड (विज्ञापन कर) का विषयमा आएका गुनासाहरुको बारेमा समेत समय मै सचेत भई अगाडि बढ्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

**बैठक नं.२१**

आज मिति २०८१/०२/२३ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. २१.१**

मिति २०८१/२/११ मा बसेको २० औं बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. २१.१**

- आगामी आ.व. ०८१/०८२ का लागि वडागत बजेटको शिलिङ्ग तोकी वडाभेलाहरु सम्पन्न गर्ने गरी निर्णय लिइएको ।
- कम्युनिष्ट संग्रहालय नेपाल, बुटवलले संग्रहालय निर्माणका लागि जग्गा माग गरेको हुँदा उक्त संग्रहालय निर्माणका लागि बुटवल १२ स्थित सतगढी क्षेत्रमा रहेको ज.वि.०-२-३ दुई कठ्ठा तीन धुर जग्गा लिजमा प्राप्तीका लागि सिफारिस गरिएको ।
- नगर प्रहरी जवान, नगर प्रहरी महिला र फायरमेन पदमा करारमा नियुक्ति भएका कर्मचारीहरुको विषयलाई स्वीकृत गरिएको ।
- लामा वानिया जे.भी. कन्स्ट्रक्सन र नदीजन्य पदार्थको प्रयोग सम्बन्धमा स्थलगत अध्ययन गरी वडा नं. ९ का वडाध्यक्ष श्री प्रदिप कुमार श्रेष्ठबाट पेश हुन आएको प्रतिवेदन जानकारीमा लिइएको ।
- वडा नं. १ स्थित कर्वडहलका विषयमा स्थलगत अध्ययन गरी वडा नं. १ का वडाध्यक्ष श्री नरेन्द्र बस्नेतबाट पेश हुन आएको प्रतिवेदन जानकारीमा लिई कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- नगरका मुख्य सडकहरुमा Highmast Light आपूर्ति तथा जडान कार्यका लागि २०% श्रोतको सुनिश्चित गरी बहुवर्षिय कार्यक्रममा समावेश गर्ने र सोही बमोजिम कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- वडा नं.९ र १० को सरसफाईको कार्य आय ठेक्का बन्दोबस्तीको माध्यमबाट निजी क्षेत्र मार्फत कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- नगरका विभिन्न वडा क्षेत्र भित्रका प्राकृतिक रुपमा आवश्यकता भन्दा बढी जम्मा भएको खोला खोल्सीमा माटो, भस्कट र अन्य नदीजन्य पदार्थको व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गर्ने गरी निर्णय लिइएको ।
- केही वडा भित्रका केही आयोजनाहरु कार्यान्वयन गर्न आवश्यक भएको हुँदा सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउन स्वीकृति दिइएको ।
- वडा नं. ११ स्थित प्रगतिनगरमा रहेको सार्वजनिक जग्गाको संरक्षण गर्ने गरी निर्णय लिइएको ।
- खुल्ला प्रतिस्पर्धा हुने गरी आय ठेक्का बन्दोबस्तीका लागि टेण्डर गरिएको नदीजन्य पदार्थ र होडिङ्ग बोर्डका विषयमा जानकारी लिइएको ।

**प्रस्ताव नं. २१.२**

नगरसभाको १५ औं अधिवेशन बस्नका लागि मिति तोक्ने सम्बन्धमा ।

**निर्णय नं. २१.२**

आगामी आ.व. ०८१/०८२ को वार्षिक बजेट नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१ लगायतका अन्य विविध विषयहरु माथि छलफल गरी निर्णय गर्ने प्रयोजनका लागि बुटवल उपमहानगरपालिकाको नगरसभाको १५ औं अधिवेशन मिति २०८१/३/५ गते दिनको ३ बजे बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१.३ विविध ।**

**प्रस्ताव नं. २१.३.१**

बुटवल उपमहानगरपालिकाको स्वास्थ्य बिमा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. २१.३.१**

कार्यालयबाट तयार भई आजको बैठकमा पेश हुन आएको स्वास्थ्य बिमा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ टेबुल गरियो ।

**प्रस्ताव नं. २१.३.२**

बुटवल उपमहानगरपालिकाको महिला स्वास्थ्य स्वयंमसेविका सम्बन्धी कार्यविधि, २०८१ टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. २१.३.२**

कार्यालयबाट तयार भई आजको बैठकमा पेश हुन आएको बुटवल उपमहानगरपालिकाको महिला स्वास्थ्य स्वयंमसेविका सम्बन्धी कार्यविधि, २०८१ टेबुल गरियो ।

**प्रस्ताव नं.२१.३.३**

महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका अक्षयकोष स्थापना तथा संचालन कार्यविधि, २०८१ टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. २१.३.३**

कार्यालयबाट तयार भई आजको बैठकमा पेश हुन आएको महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका अक्षयकोष स्थापना तथा संचालन कार्यविधि, २०८१ टेबुल गरियो ।

**प्रस्ताव नं. २१.३.४**

नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. २१.३.४**

मिति २०८१/०२/१६ मा बसेको नगर शिक्षा समितिको बैठकबाट सिफारिस भई आएको देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१. विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण सिफारिस समितिको मिति २०८० साल चैत्र ३० गतेको बैठकको निर्णय अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ मा वर्गीकृत हुनका लागि निवेदन दिएका देहाय अनुसारका विद्यालयहरुको प्रक्रियागत रुपमा मूल्यांकन गरी तपसिल बमोजिम वर्गीकरण गर्न सिफारिस भै आएकोले सोही बमोजिम विद्यालयहरुको वर्गीकरण गरी श्रेणी कायम गर्ने ।

**'क' श्रेणी कायम गरिएका विद्यालयहरु**

१. मणिमुकुन्द सेकेण्डरी स्कूल बुटवल -११

२. गार्गी एकेडेमी बुटवल -११

३. ज्ञानपुञ्ज बोर्डिङ स्कूल बुटवल- ११

४. न्यू भिजन सेकेण्डरी स्कुल (हाल नाम परिवर्तन गरी रम्भादेवी सेकेण्डरी स्कूल कायम गरिएको) बुटवल -१२

५. गणेश ज्ञानज्योती पब्लिक हाइस्कूल बुटवल -१५

६. इन्टेलेक्चुअल एकेडेमी बुटवल-११

७.अन्नपूर्ण सेकेण्डरी स्कूल बुटवल -६

८.इडन इङ्लिस वोर्डिङ स्कूल बुटवल -११

९.त्रिभुवन युन्राइटेड एकेडेमी बुटवल -७

१०. युनाइटेड इङ्लिस बोर्डिङ स्कूल बुटवल -१८

११. मदरल्याण्ड इङ्लिस बोर्डिङ स्कूल बुटवल- १९

**'ख' श्रेणी कायम गरिएका विद्यालयहरु :**

१. बुटवल ग्लोरी इङ्लिस बोर्डिङ स्कूल बुटवल - १३

२. बुटवल एक्स आर्मी इङ्लिस बोर्डिङ स्कूल बुटवल- १३

३. एल. बी. नमूना एकेडेमी बुटवल -१३

४. साइनिङ स्टार इङ्लिस बोर्डिङ स्कूल बुटवल -७

५. सिद्धिविनायक सेकेण्डरी स्कूल बुटवल -१५

६. न्यू स्ट्याण्डर्ड इङ्लिस बोर्डिङ स्कूल बुटवल -१२

७. मणिमुकुन्द इङ्लिस बोर्डिङ स्कूल बुटवल -१

८. महावीर इङ्लिस बोर्डिङ स्कूल बुटवल- १

**'ग' श्रेणी कायम गरिएका विद्यालयहरु :**

१. न्यू पाइनउड इङ्लिस बोर्डिङ स्कूल बुटवल -३

२. लुम्बिनी शिक्षालय बुटवल -९

२. संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण सिफारिस समितिको मिति २०८१ साल जेठ ८ गतेको बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०८१ को लागि संस्थागत विद्यालयहरुले उठाउने शुल्क देहाय अनुसार निर्धारण गर्न सिफारिस भै आएकोले सोही बमोजिम शुल्क निर्धारण गरी विद्यालयहरुमा कार्यान्वयन गराउने ।

क. मासिक शुल्क: शैक्षिक सत्र २०८० को मासिक शुल्कमा १० प्रतिशत वृद्धि गरी देहाय अनुसार निर्धारण गर्ने ।

| क.सं. | तह | शैक्षिक सत्र २०८० मा कायम रहेको शुल्क | | | शैक्षिक सत्र २०८१ सालको लागि निर्धारण गरिएको शुल्क | | |
|---|---|---|---|---|---|---|---|
| | | 'ग' वर्ग | 'ख' वर्ग | 'क' वर्ग | 'ग' वर्ग | 'ख' वर्ग | 'क' वर्ग |
| १ | पूर्व प्राथमिक | २००० | २४०० | २७५० | २२०० | २६४० | ३०२५ |
| २ | प्राथमिक | २२०० | २६०० | ३००० | २४२० | २८६० | ३३०० |
| ३ | निम्न माध्यमिक | २६०० | ३००० | ३३०० | २८६० | ३३०० | ३६३० |
| ४ | माध्यमिक | ३२०० | ३६०० | ४१०० | ३५२० | ३९६० | ४५१० |
| ५ | माध्यमिक ११/१२ साधारण | ३५०० | ४२०० | ४७०० | ३८५० | ४६२० | ५१७० |
| ६ | माध्यमिक ११/१२ विज्ञान | ४७०० | ५००० | ५२०० | ५१७० | ५५०० | ५७२० |
| ७ | माध्यमिक ११/१२ व्यवस्थापन | ४३०० | ४७०० | ५००० | ४७३० | ५१७० | ५५०० |

ख. मासिक शुल्क बाहेक अन्य शुल्कमा कुनै हेरफेर नगरी शैक्षिक सत्र २०८० कै शुल्क यथावत राख्ने ।

३. तिलोत्तमा नगरपालिका वडा नं. ३ मा सञ्चालन भैरहेको स्मृती मन्टेश्वरी एकेडेमीलाई बुटवल उपमहानगरपालिका वडा नं.१० योगिकुटीमा स्थानान्तरण गरी सञ्चालन गर्न तिलोत्तमा नगरपालिकाको सहमति सहित निवेदन पेश हुन आएको र स्थलगत अनुगमन गर्दा विद्यालय स्थानान्तरण गरी सञ्चालन गर्न आवश्यक पूर्वाधार समेत पुरा गरेको देखिएकोले माग बमोजिम सो विद्यालयलाई बुटवल -१० योगिकुटीमा स्थानान्तरण गरी सञ्चालन गर्न अनुमति दिने ।

४.तपसिलका विद्यालयहरुबाट शैक्षिक सत्र २०८१ देखि माध्यमिक तहको कक्षा ११ मा विषय थप गरी कक्षा सञ्चालन गर्न अनुमति माग गरेको र विद्यालयको स्थलगत अनुगमनबाट आवश्यक पूर्वाधार समेत पुरा भएको पाइएकोले माग बमोजिम ति विद्यालयहरुलाई शैक्षिक सत्र २०८१ देखि कक्षा ११ मा र शैक्षिक सत्र २०८२ देखि स्वत : कक्षा १२ मा थप गर्ने गरी अनुमति दिने ।

१. नहरपुर माध्यमिक विद्यालय बुटवल ११: कानून समूहका विषयहरु साथै व्यवस्थापन समूहको होटल म्यानेजमेन्ट ।

२. ज्ञानोदय मा.वि बुटवल ५ : होटल म्यानेजमेन्ट ।

**प्रस्ताव नं. २१.३.५**

**अनुगमन सम्बन्धमा ।**

**निर्णय नं. २१.३.५**

आ.व. ०८०/०८१ मा संचालन एवं कार्यान्वयनमा रहेका मुख्य सडक, समग्र विकास निर्माण र नदी जन्य पदार्थको उत्खनन् जस्ता कार्यहरुको कार्यपालिकाका सदस्यहरुबाट कडाइका साथ अनुगमन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

**बैठक नं.२२**

आज मिति २०८१/०३/०४ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | बिष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

गंगादत्त पौडेल - का वा वडाध्यक्ष - १२

**प्रस्ताव नं. २२.१**

मिति २०८१/०२/२३ मा बसेको २१ औं बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. २२.१**

- आगामी आ.व.०८१/०८२ का लागि वार्षिक बजेट नीति तथा कार्यक्रम पारितका लागि मिति २०८१/०३/०५ गते दिनको ३:०० बजे नगरसभाको १५ औं अधिवेशन बस्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिकाको स्वास्थ्य बिमा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ टेबुल गरिएको । उल्लेखित कार्यविधि माथि छलफल गरी स्वीकृत गर्नका लागि आजको कार्यसूचीमा राखिएको ।
- महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि, २०८१ टेबुल गरिएको । उल्लेखित कार्यविधि माथि छलफल गरी स्वीकृत गर्नका लागि आजको कार्यसूचीमा राखिएको ।
- महिला सामूदायिक स्वास्थ्य स्वयंमसेविका अक्षयकोष स्थापना तथा संचालन कार्यविधि, २०८१ टेबुल गरिएको । उल्लेखित कार्यविधि माथि छलफल गरी स्वीकृत गर्नका लागि आजको कार्यसूचीमा राखिएको ।
- मिति २०८१/०२/१६ मा बसेको नगर शिक्षा समितिको बैठकबाट भएका निर्णयहरु अनुमोदन गरिएको ।
- चालु आ.व. मा संचालन एवं कार्यान्वयनमा रहेका मुख्य सडक, समग्र विकास निर्माण र नदीजन्य पदार्थको उत्खनन् जस्ता कार्यहरुको नगरकार्यपालिकाका सदस्यहरुबाट अनुगमन गर्ने भनी निर्णय लिइएको ।

**प्रस्ताव नं. २२.२**

स्वास्थ्य बिमा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. २२.२**

मिति २०८१/०२/२३ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं. २१.३.१ अन्र्तगत टेबुल भएको स्वास्थ्य बिमा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ माथि दफावार छलफल गरियो । उक्त कार्यविधि माथि विधेयक समिति र विधायन समितिको संयुक्त बैठकमा समेत छलफल भएको हुँदा प्रस्तुत कार्यविधिको सन्दर्भमा आजको बैठकमा छलफलमा उठेका विषयवस्तुहरुलाई तत्तत् दफा र उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित कार्यविधि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २२.३**

महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. २२.३**

मिति २०८१/०२/२३ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.२१.३.२ अन्तर्गत टेबुल भएको महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि, २०८१ माथि दफावार छलफल गरियो । उक्त कार्यविधि माथि विधेयक समिति र विधायन समितिको संयुक्त बैठकमा समेत छलफल भएको हुँदा प्रस्तुत कार्यविधिको सन्दर्भमा आजको बैठकमा छलफलमा उठेका विषयवस्तुहरुलाई तत्तत् दफा र उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित कार्यविधि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २२.४**

महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका अक्षयकोष स्थापना तथा संचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. २२.४**

मिति २०८१/०२/२३ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.२१.३.३ अन्तर्गत टेबुल भएको मिति २०८१/०२/२३ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.२१.३.३ अन्तर्गत टेबुल भएको महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका अक्षयकोष स्थापना तथा संचालन कार्यविधि, २०८१ माथि दफावार छलफल गरियो । उक्त कार्यविधि माथि विधेयक समिति र विधायन समितिको संयुक्त बैठकमा समेत छलफल भएको हुँदा प्रस्तुत कार्यविधिको सन्दर्भमा आजको बैठकमा छलफलमा उठेका विषयवस्तुहरुलाई तत्तत् दफा र उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित कार्यविधि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २२.५**

उद्योग व्यापार संघ बुटवललाई ज.वि.०-२-४ (दुई कठ्ठा चार धुर जग्गा) धुर जग्गा लिजमा उपलब्ध हुनका लागि सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं. २२.५**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका धेरै संस्थाहरुले आफ्नै भवन संरचनाहरु बनाई सेवा प्रवाह गर्दै आईरहेको । उद्योग व्यापार संघ, बुटवलले हालसम्म घर बहालमा लिई दैनिक कार्य संचालन गर्दै आईरहेको सन्दर्भमा उक्त संघबाट जग्गा प्राप्तिका लागि पेश गरेको निवेदनको आधारमा बुटवल उपमहानगरपालिका वडा नं. ११ को नवनिर्मित वडा भवन देखि पश्चिम तर्फको न.नं. ९ख कि.नं. ९६ मध्ये पूर्वः कि.नं. ९६को जग्गा, पश्चिमः चौपारी र नेपाल अपाङ्ग तथा अनाथ आश्रम, उत्तर : बाटो, दक्षिण : कि.नं. ९६ कै खुल्ला क्षेत्र यति चारकिल्ला भित्रको लम्बाई ९० फिट चौडाई ९० फिट हुने गरी क्षेत्रफल ०-२-४ खाली जग्गा यस कार्यालयका प्राविधिकबाट स्थलगत रुपमा नापजाँच गरी प्राप्त

फिल्ड स्केच, फिल्डबुक उतार र ११ नं. वडा कार्यालयबाट समेत सिफारिस भई आए बमोजिम उक्त संस्थाको नाममा जग्गा लिजमा प्राप्ति प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २२.६**

कम्युनिष्ट संग्रहालय नेपाल, बुटवललाई लिजमा जग्गा उपलब्ध हुनका लागि सिफारिस गरिएको ०-२-३ (दुई कठ्ठा तीन धुर जग्गा) जग्गा नेपाल सरकारको नाममा कायम गर्नका लागि सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं. २२.६**

बुटवल उपमहानगरपालिका वडा नं. १२ साबिक सेमलार न.नं. २त कि.नं. १ फिल्डबुकमा बगर जनिएको जग्गा मध्येको पूर्व- सडक, पश्चिम : खोला, उत्तर: कि.नं. १ कै बाँकी जग्गा र दक्षिण : पूर्व-पश्चिम लोकमार्ग यति चारकिल्ला भित्रको करिब ०-२-३ धुर जग्गा मिति २०८१/०२/११ मा बसेको नगरकार्यपालिकाको बैठकबाट कम्यूनिष्ट संग्रहालय नेपाल, बुटवललाई लिजमा उपलब्ध हुनका लागि सम्बन्धित निकायमा सिफारिसका लागि निर्णय गरिएको जग्गा विगतका आयोगहरु एवं कुनैपनि समितिबाट कहि कतै नापजाँच नभएको र हाल सम्म कोही कसैलाई उपलब्ध नगराईएको उल्लेखित कि.नं. को जग्गा नेपाल सरकारको नाममा कायम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन मालपोत कार्यालय बुटवलमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २२.७**

लिजमा जग्गा प्राप्तीको लागि प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

**निर्णय नं. २२.७**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०८०/०६/२१ मा बसेको बैठकको निर्णय अनुसार नगर भित्रका आफ्नो भवन नभएका वडा कार्यालयहरुलाई भवन संरचना निर्माण गर्नका लागि उपयुक्त जग्गाको एकिन गरी लिजमा जग्गा प्राप्तिका लागि प्रक्रिया अगाडि बढाउने गरी भएको निर्णय बमोजिम निम्न वडा कार्यालयहरुको भवन निर्माणको लागि स्थलगत अनुगमन गरी फिल्ड स्केच, फिल्डबुक, फिल्ड नक्शा र वडा कार्यालयको निर्णय एवं सिफारिसका आधारमा निम्न वडाहरुको वडा भवन निर्माणको लागि लिजमा जग्गा प्राप्तिको लागि प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**क) वडा नं. ६**

बुटवल उपमहानगरपालिका वडा नं. ६ को आफ्नो स्वामित्वमा जग्गा नभएको र अरुको घर भाडामा लिई नगरवासीहरुलाई दिने सेवाप्रवाहमा कठिन भैरहेको भनी चन्द्रनगर स्थित चन्द्रनगर खानेपानी संस्थाले कम्पाउण्डवाल लगाई संरक्षण गरेको बिरुवा नभएको चन्द्रनगर खानेपानी भवन देखि पूर्वतर्फको जग्गामा वडा कार्यालयको भवन निर्माणको लागि जग्गा माग भएको हुदा यस कार्यालयका प्राबिधिकहरुबाट तयार गरिएको स्केच नक्शा अनुसार पूर्व:- नारी शक्ति आमा समूह, पश्चिम:- बाटो, उत्तर:- साई मन्दिर र दक्षिण:- घोला यति चारकिल्ला भित्रको कि.नं. उल्लेख नभएको खाली ०-२-५ जग्गा ६ नं.वडा कार्यालयको भवन निर्माणको लागि लिजमा जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**ख) वडा नं. ९**

बुटवल उपमहानगरपालिका वडा नं. ९ को वडा भवन हाल प्लाईउड पथको १६/३६ कूलोको किनारमा थोरै क्षेत्रफलमा रहेकोमा बिगत वर्षहरु भन्दा बडाका काम र जिम्मेवारी थपिदै गई नगरवासीहरुलाई दिने सेवा प्रवाहमा कठिन भैरहेको भनी वडा कार्यालयको सिफारिस सहित वडा कार्यालय निर्माणको लागि जग्गा माग भएको हुँदा यस कार्यालयका प्राबिधिकहरुबाट तयार गरिएको स्केच नक्शा अनुसार सिट नं.०९८-११५८-२४ कि.नं. उल्लेख नभएको पूर्व- कि.नं. २७१, पश्चिमः- १६/३६ कूलो, उत्तरः- ज्ञवाली पथ र दक्षिणः- कूलो उकास तथा व्यक्तिको जग्गा यति चारकिल्ला भित्रको ०-०-४(चार धुर मात्र) धुर जग्गा वडा नं. ९ को भवन निर्माणको लागि लिजमा जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**ग) वडा नं. १८**

बुटवल उपमहानगरपालिका वडा नं. १८ को आफ्नो स्वामित्वमा जग्गा नभएको र अरुको घर भाडामा लिई नगरवासीहरुलाई दिने सेवा प्रवाहमा कठिन भैरहेको भनी वडा कार्यालयको सिफारिस सहित वडा कार्यालय निर्माणको लागि जग्गा माग भएको हुँदा यस कार्यालयका प्राबिधिकहरुबाट तयार गरिएको स्केच नक्शा अनुसार पूर्वः- बेलवास वेथरी सडक, पश्चिमः- कुलो, उत्तर कि.नं. ३१ र दक्षिणः- मान कुमारी क्षेत्री यति चारकिल्ला भित्रको साबिक मोतीपुर सिट नं. ८ङ कि.नं. ४२१ मध्येको क्षेत्रफल ०-३-२ (तीन कठ्ठा दुई धुर मात्र) जग्गा वडा नं. १८ को भवन निर्माणको लागि लिजमा जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**घ) वडा नं. १९**

बुटवल उपमहानगरपालिका वडा नं. १९ को आफ्नो स्वामित्वमा जग्गा नभएको र अरुको घर भाडामा लिई नगरवासीहरुलाई दिने सेवा प्रवाहमा कठिन भैरहेको भनी वडा कार्यालयको सिफारिस सहित वडा कार्यालय निर्माणको लागि जग्गा माग भएको हुँदा यस कार्यालयका प्राबिधिकहरुबाट तयार गरिएको स्केच नक्शा अनुसार पूर्वः-सडक, पश्चिमः- कुलो, उत्तरः- खानेपानी ओभरहेड टंकी र दक्षिणः- बाटो यति चारकिल्ला भित्रको साबिक मोतीपुर सिट नं. ७ ख कि.नं. ११ क्षेत्रफल ०-१५-५ मध्ये ०-८-० (आठ कठ्ठा मात्र) जग्गा वडा नं. १९ को भवन निर्माणको लागि लिजमा जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २२.८ विविध ।**

**प्रस्ताव नं. २२.८.१**

सुरक्षित गर्भपतन सेवाका लागि स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सुचिकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. २२.८.१**

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ र नियमावली, २०७७ तथा जनस्वास्थ्य अधिकार ऐन, २०७५ र नियमावली, २०७७ अनुसार स्थानीय तहबाट सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले स्वास्थ्य संस्थाहरुमा सुरक्षित गर्भपतन सेवा विस्तार तथा नवीकरण गरी सेवा प्रदान गर्न सेवा प्रदायक तथा स्वास्थ्य संस्था सुचिकृत हुनुपर्ने भएकोले तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट बुटवल

उपमहानगरपालिका वडा नं. ११ मा रहेको शहरी स्वास्थ्य केन्द्र र वडा नं.१२ मा रहेको शहरी स्वास्थ्य प्रवर्धन केन्द्र दुवै स्वास्थ्य संस्थाहरु सुरक्षित गर्भपतन सेवाका लागि सुचिकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२२.८.२**

सुधार एवं संशोधन सम्बन्धमा ।

**निर्णय नं. २२.८.२**

बुटवल उपमहानगरपालिकाको मिति २०८०।९।१३ मा बसेको नगरसभाको १४ औं अधिवेशनको निर्णय नं. १४.२.८ को (त्र) बाट स्वीकृत कार्यक्रम सहयोग शीर्षक अर्न्तगतको सि.न. ९७ को २३ मा विश्व ज्योतिष महासंघ लुम्बिनी प्रदेश समिति हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

**बैठक नं.२३**

आज मिति २०८१/०३/०४ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. २३.१**

**मिति २०८१/३/४ मा बसेको २२ औं बैठकको समीक्षा सम्बन्धमा।**

**निर्णय नं. २३.१**

- स्वास्थ्य बिमा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरिएको ।
- महिला स्वास्थ्य स्वयंमसेविका सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरिएको ।
- महिला सामूदायिक स्वास्थ्य स्वयंमसेविका अक्षयकोष स्थापना तथा संचालन कार्यविधि, २०८१ स्वीकृत गरिएको ।
- उद्योग व्यापार संघ बुटवललाई ज.वि.०-२-४ (दुई कठ्ठा चार धुर जग्गा) लिजमा उपलब्ध हुनका लागि सिफारिस गरिएको ।
- कम्युनिष्ट संग्रहालय नेपाल, बुटवललाई ज.वि. ०-२-३ (दुई कठ्ठा तीन धुर जग्गा) लिजमा उपलब्ध हुनका लागि नेपाल सरकारको नाममा कायम गर्नका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- वडा नं. ६ को वडा कार्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा लिजमा लिने गरी सिफारिस गरिएको ।
- वडा नं. ९ को वडा कार्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा लिजमा लिने गरी सिफारिस गरिएको ।
- वडा नं. १८ को वडा कार्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा लिजमा लिने गरी सिफारिस गरिएको ।
- वडा नं. १९ को वडा कार्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा लिजमा लिने गरी सिफारिस गरिएको ।
- सुरक्षित गर्भपतन सेवाका लागि स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी सूचिकृत हुनुपर्ने व्यवस्था अनुसार वडा नं. ११ मा रहेको शहरी स्वास्थ्य केन्द्र र वडा नं. १२ मा रहेको शहरी स्वास्थ्य प्रर्बधन केन्द्र दुवै स्वास्थ्य संस्थाहरु सुरक्षित गर्भपतन सेवाका लागि सूचिकृत गर्ने गरी निर्णय लिइएको ।
- कार्यक्रम सहयोग सम्बन्धमा विगतमा गरिएको निर्णयमा संस्थाको नाम फरक पर्न गएको हुँदा संशोधन गरिएको ।

**प्रस्ताव नं. २३.२**

चालु आ.व. ०८०/०८१ को समीक्षा तथा आगामी आ.व. ०८१/०८२ का लागि प्रस्तावित वार्षिक बजेट नीति तथा कार्यक्रम माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २३.२**

चालु आ.व.०८०/०८१ को समीक्षा तथा आगामी आ.व. ०८१/०८२ का लागि यस बुटवल उपमहानगरपालिकाको प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरियो । आज समय अभाव भएको हुँदा पुन: बैठक बसी थप छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २३.३ विविध ।**

**प्रस्ताव नं. २३.३.१**

डि.पि.आर तयार गर्ने सम्बन्धमा ।

**निर्णय नं. २३.३.१**

मिति २०८१/०१/२० मा बसेको नगरकार्यपालिकाको बैठकबाट विभिन्न सामूदायिक विद्यालयहरुको पूर्वाधार निर्माण गर्न डिपिआर तयारीका लागि रु.७८,२८,२१०/९० अठहत्तर लाख अट्ठाईस हजार दुई सय दश र पैसा नब्बे मात्र चालु आ.व.का लागि पारित बजेट नीति तथा कार्यक्रम पुस्तिकाको सि.न.५१ र ५२ खर्च शीर्षक २२४११ बाट बजेट व्यवस्था भएको र हाल उक्त विद्यालयहरुको डिपिआरको प्रक्रिया अगाडि बढाउन सम्भव नभएको हुँदा सोही बजेट शीर्षकबाट खर्च हुने र सो विषय आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने गरी बुटवल उपमहानगरपालिका वडा नं.७ स्थित सिद्धार्थ वाल तथा महिला अस्पतालमा २०० वेडको अस्पताल सहित प्यारामेडिकल कक्षा संचालनको लागि सम्पूर्ण पूर्वाधार सहितको विस्तृत परियोजना प्रतिवेदन (**DPR**)निर्माण कार्यका लागि थप रु.३० (तिस लाख) गरी जम्मा रु.६० लाख बजेट व्यवस्था गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २३.३.२**

कार्यदल गठन सम्बन्धमा ।

**निर्णय नं. २३.३.२**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका जग्गाको केन्द्रीय नीति र मापदण्ड बमोजिम विगतमा कृषि क्षेत्र र गैर कृषि क्षेत्र भनी भुमिको वर्गीकरण गरिएको छ । भुमिको वर्गीकरणका कारण नगरका १४-१९ वडाहरुमा भुमिकरले पारेको प्रभाव र समस्याका सम्बन्धमा के गर्न सकिन्छ । सो को आवश्यक अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन दिनका लागि देहाय बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

१. नरिश्वर शर्मा, वडाध्यक्ष वडा नं. ४ - संयोजक

२. गोकर्ण सिंह थापा, अधिवक्ता - सदस्य

३. खुमाकान्त पौडेल, अधिवक्ता - सदस्य

४. घनश्याम पन्त, अधिवक्ता - सदस्य

५. विजयदेव भुर्तेल, उपनिर्देशक - सदस्य

६. अधिकृतस्तरको प्रतिनिधि, आन्तरिक राजश्व कार्यालय बुटवल - सदस्य

७. रोशन कुमार रेग्मी, उपनिर्देशक - सचिव

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

**बैठक नं.२४**

आज मिति २०८१/०३/०५ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. २४.१**

**मिति २०८१।३।४ मा बसेको नगरकार्यपालिकाको २३ औं बैठकको समीक्षा सम्बन्धमा ।**

**निर्णय नं. २४.१**

- चालु आ.व. ०८०/०८१ को समीक्षा र आगामी आ.व. ०८१/०८२ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमको बारेमा जानकारी लिई छलफल गरिएको ।
- बुटवल -७ स्थित सिद्धार्थ बाल तथा महिला अस्पतालमा २०० बेडको अस्पताल सहित प्यारामेडिकल कक्षा संचालनका लागि पूर्वाधार सहितको विस्तृत परियोजना (DPR) तयार गर्ने गरी निर्णय लिईएको ।
- बुटवल उपमहानगरपालिका अर्न्तगतका वडा नं. १४-१९ मा हाल समस्याको रुपमा रहेको भुमिकरका सम्बन्धमा आवश्यक अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन दिनका लागि वडा नं.४ का वडाध्यक्ष श्री नरिश्वर शर्मा संयोजक, सदस्यहरुमा अधिवक्ता श्री गोकर्ण सिंह थापा, अधिवक्ता श्री खुमाकान्त पौडेल, अधिवक्ता श्री घनश्याम पन्त, श्री विजयदेव भुर्तेल उपनिर्देशक, आन्तरिक राजश्व कार्यालय बुटवलका अधिकृतस्तरका प्रतिनिधि र श्री रोशन कुमार रेग्मी उपनिर्देशक सचिव रहने गरी कार्यदल गठन गरिएको ।

**प्रस्ताव नं. २४.२**

आगामी आ.व. ०८१/०८२ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २४.२**

यस बुटवल उपमहानगरपालिकाको आगामी आ.व.०८१/०८२ को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयहरुलाई समेत थप गरी तयार भएको आ.व. ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम आजै दिनको ३:०० बजे बस्ने बुटवल उपमहानगरपालिकाको नगरसभाको १५ औं अधिवेशनको प्रथम बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २४.३ विविध ।**

**प्रस्ताव नं. २४.३.१**

कार्यदलमा सदस्य थप सम्बन्धमा ।

**निर्णय नं. २४.३.१**

मिति २०८१।३।४ गतेका दिन बसेको नगरकार्यपालिकाको २३ औं बैठकको निर्णय नं. २३.३.२ बमोजिम गठित कार्यदलको सदस्यमा अधिवक्ता श्री गोबिन्द मरासिनीलाई मनोनयन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

बैठक नं.२५

आज मिति २०८१/०३/०८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | [signature] |
| ४ | सुनिल शाक्य | सदस्य | [signature] |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [signature] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [signature] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | [signature] |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थापा | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

सविता वि.क. का.वा. वडाध्यक्ष - ८

युवराज राना का.वा. वडाध्यक्ष - ११

**प्रस्ताव नं. २५.१**

मिति २०८१/३/५ मा बसेको २४ औं बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. २५.१**

- आ.व. ०८१/०८२ का लागि बुटवल उपमहानगरपालिकाको वार्षिक बजेट नीति तथा कार्यक्रम माथि छलफल गरी उक्त नीति मिति २०८१।३।५ गते दिनको ३:०० बजे बस्ने नगरसभाको १५ औं अधिवेशनको प्रथम बैठकमा पेश गर्ने गरी निर्णय लिइएको । उक्त नीति नगरसभामा प्रमुखज्यूबाट प्रस्तुत एवं टेबुल भएको र सभामा दफावार छलफल भई सर्व सम्मतिका साथ पारित समेत भएको ।
- बुटवल उपमहानगरपालिका अर्न्तगतका १४-१९ वडाहरुमा भुमिकरले पारेको प्रभावका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिनका लागि मिति २०८१।३।४ मा बसेको नगरकार्यपालिकाको २३ औं बैठकको निर्णय नं. २३.३.२ बमोजिम गठित कार्यदलमा अधिवक्ता श्री गोविन्द मरासिनीलाई मनोनयन गरी सदस्य थप गर्ने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. २५.२**

आ.व. ०८१/०८२ को लागि आम्दानी र खर्च (आय व्यय) को अनुमान बजेट माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.२**

आगामी आ.व. ०८१/०८२ को लागि यस बुटवल उपमहानगरपालिकाको आम्दानी र खर्च (आय व्यय) को अनुमान बजेट सहितको रु.२ अरब ९९ करोड २२ लाख ९० हजार बराबरको वार्षिक बजेट तथा कार्यक्रम मिति २०८१।३।९ गते दिनको १:०० बजे बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा उपप्रमुख श्री सावित्रादेवी अर्यालले प्रस्तुत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.३**

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (आर्थिक विधेयक) २०८१ माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.३**

राजश्व परामर्श समितिको विभिन्न मितिहरुमा बसेको बैठकको सिफारिसका आधारमा कार्यालयबाट तयार भई पेश हुन आएको कर तथा गैरकर राजश्वका दरबन्दी सहितको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक) २०८१ माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयहरुलाई समेत तत् तत् बुँदाहरुमा समावेश गरी उक्त विधेयक मिति २०८१।३।९ गते दिनको १:०० बजे बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.४**

खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (विनियोजन विधेयक) २०८१ माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.४**

विभिन्न मितिहरुमा भएका वडाभेला, विषयगत समितिहरु र बजेट तर्जुमा समितिमा दफावार छलफल गरी आजको बैठकमा प्रस्तुत हुन आएको आ.व. ०८१/०८२ का लागि प्रस्तावित खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, (विनियोजन विधेयक) २०८१ माथि छलफल गरियो । आजको छलफलमा उठेका विषयहरुलाई समेत तत् तत् बुँदाहरुमा समावेश गरी उक्त विधेयक मिति २०८१।३।९ गते दिनको १:०० बजे बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.५**

छाडा पशुचौपाया व्यवस्थापन र नियन्त्रण (गौशाला संचालन) ऐन, २०८० (पहिलो संशोधन २०८१) माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.५**

बुटवल उपमहानगरपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छाडा पशुचौपाया व्यवस्थापन र नियन्त्रण (गौशाला व्यवस्थापन) ऐन, २०८० कार्यान्वयनको सन्दर्भमा केही दफा र उपदफाहरुमा संशोधन एवं थप घट गर्न आवश्यक भई सम्बन्धित विषयगत समिति, विधेयक समिति र विधायन समितिबाट समेत छलफल भई आएको हुँदा उल्लेखित ऐनमा संशोधन गर्न आवश्यक भएकोले मिति २०८१।३।९ मा बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२५.६**

पशु बधशाला संचालन र व्यवस्थापन ऐन, २०७९ (पहिलो संशोधन २०८१) माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.६**

बुटवल उपमहानगरपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको पशु बधशाला संचालन र व्यवस्थापन ऐन, २०७९ कार्यान्वयनको सन्दर्भमा केही दफा र उपदफाहरुमा संशोधन एवं थप घट गर्न आवश्यक भई सम्बन्धित विषयगत समिति, विधेयक समिति र विधायन समितिबाट समेत छलफल भई आएको हुँदा उल्लेखित ऐनमा संशोधन गर्न आवश्यक भएकोले मिति २०८१।३।९ मा बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.७**

बुटवल उपमहानगरपालिकाको जलस्रोत (उपयोग) ऐन, २०८० (पहिलो संशोधन २०८१) माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.७**

बुटवल उपमहानगरपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको बुटवल उपमहानगरपालिकाको जलस्रोत (उपयोग) ऐन, २०८० मा कार्यान्वयनको सन्दर्भमा केही दफा र उपदफाहरुमा संशोधन एवं थप घट गर्न आवश्यक भई सम्बन्धित विषयगत समिति, विधेयक समिति र विधायन समितिबाट समेत छलफल भई आएको हुँदा उल्लेखित ऐनमा संशोधन गर्न आवश्यक भएकोले मिति २०८१।३।९ मा बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.८**

बुटवल उपमहानगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७४ (पहिलो संशोधन २०८१) माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.८**

बुटवल उपमहानगरपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको बुटवल उपमहानगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७४ मा कार्यान्वयनको सन्दर्भमा केही दफा र उपदफाहरुमा संशोधन एवं थप घट गर्न आवश्यक भई सम्बन्धित विषयगत समिति, विधेयक समिति र विधायन समितिबाट समेत छलफल भई आएको हुँदा उल्लेखित ऐनमा संशोधन गर्न आवश्यक भएकोले मिति २०८१।३।९ मा बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.९**

बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ (तेस्रो संशोधन २०८१) माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.९**

बुटवल उपमहानगरपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ मा कार्यान्वयनको सन्दर्भमा केही दफा र उपदफाहरुमा संशोधन एवं थप घट गर्न आवश्यक भई सम्बन्धित विषयगत समिति, विधेयक समिति र विधायन समितिबाट समेत छलफल भई आएको हुँदा उल्लेखित ऐनमा संशोधन गर्न आवश्यक भएकोले मिति २०८१।३।९ मा बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.१०**

बुटवल उपमहानगरपालिकाको नगर प्रहरी विधेयक, २०८१ माथि छलफल सम्बन्धमा ।

**निर्णय नं. २५.१०**

बुटवल उपमहानगरपालिकाको नगर प्रहरी सेवालाई चुस्त दुरुस्त बनाउनका लागि नगर प्रहरी ऐनको आवश्यकता भएकोले कार्यालयबाट तयार भई विधेयक समिति र विधायन समितिमा छलफल भई आएको नगर प्रहरी विधेयक, २०८१ मिति २०८१।३।९ गते दिनको १:०० बजे बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.११ विविध ।**

**प्रस्ताव नं. २५.११.१**

ई-रिक्सा तथा टेम्पुमा व्यवसायको विज्ञापन राखी प्रचार प्रसार गर्ने गरिएको प्रकियालाई व्यवस्थित गर्ने सम्बन्धमा ।

**निर्णय नं. २५.११.१**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र संचालित ई-रिक्सा तथा टेम्पुहरुमा विज्ञापन बोर्ड राखी प्रचार प्रसार गर्ने प्रचलन बढेको हुँदा उक्त कार्यलाई व्यवस्थित गरी करको दायरामा ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. २५.११.२**

नगर शिक्षा ऐनमा संशोधन सम्बन्धमा ।

**निर्णय नं. २५.११.२**

बुटवल उपमहानगरपालिकाको नगर शिक्षा ऐनमा केही संशोधन गर्न आवश्यक भएको हुँदा मिति २०८१।३।९ गते दिनको १:०० बजे बस्ने नगरसभाको १५ औं अधिवेशनको तेस्रो बैठकमा उक्त ऐनमा संशोधनका लागि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।